# कुञ्जिनी

लक्ष्मीप्रसाद देवकोटा



# कुञ्जिनी

(खण्डकाव्य)

लक्ष्मीप्रसाद देवकोटा

साहित्यरस

**साहित्यरस**

[www.sahityaras.com](http://www.sahityaras.com)

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–

(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।

(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. २००२

**ईपुस्तकको स्रोत**

*प्रकाशक* : साझा प्रकाशन

*संस्करण* : नवौँ २०७७

*ISBN* : 978-9937-32-279-2

---

**About this ebook edition**

*Originally created as epub*

*Created* : 2025-11-15, 11:47:06 UTC

*Latest minor Correction* : 2025-11-15, 11:47:06 UTC

*Sahityaras ebook id* : 20251115114706

**Cover art**

*Shepherd in the Pasture*

Aleksander Kotsis, 1868

Please visit [www.sahityaras.com](http://www.sahityaras.com) for latest corrected version of the ebook.

---

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू [www.sahityaras.com](http://www.sahityaras.com) मा पेश गर्नहुन अनुरोध छ।

# विषयसूची


- घाँस काटेर घर फर्कंदा गोरे राहुतले गीत गाएको
- गोरेले कुञ्जिनीलाई पर्खेर बस्ता मनमनै गीत गाएको
- गोरे र कुञ्जिनीको संवाद
- कुञ्जिनीले प्रेम-प्रकट गरिन् भनेर गोरेको हर्षोद्‌गार
- गोरेले कुञ्जिनीलाई माग्न आँउदा बाबु ठालूसिङ् रिसाउँछ
- कुञ्जिनी कोल्पूपारि मावलबाट नआइपुग्दा बाबुको मनमा चिन्ता उठ्‌दछ
- कोल्पूतीर बसेर गोरे कुञ्जिनीको प्रतीक्षा गर्दछ
- कुञ्जिनीको बाबु गोरेलाई कुञ्जिनी दिन मन्जुर गर्दछ
- कुञ्जिनीसँग बिहा हुने आशाले गोरे आनन्द प्रकट गर्दछ
- कुञ्जिनी पनि खुशी बनेर सानीमा सिन्धुसँग आनन्द प्रकट गर्दछिन्
- तर त्यसै बेला जर्मनको लडाइँमा गोरेलाई जानुपर्दछ
- गोरे कुञ्जिनीलाई लडाइँ जाने बेलामा सम्झाउँछ
- गोरे गएपछि कुञ्जिनीको विरह
- पल्टन चन्द्रगिरीमा पुग्छन्
- गोरे हिन्दूस्तान गयो, अब फर्कदैन भन्ने डरले कुञ्जिनीको बाबुले छोरीलाई ऊसँग बिहा नगर भन्दछ
- कुञ्जिनी भने बाबुको वचनले हृदय विदीर्ण भएर विष खाएर मरूँ झैं गर्छिन्
- कुञ्जिनीको दयनीय दशा देखेर सानीमा सिन्धु गजुरी पिँडामा बिहा छिन्न गएका बाबुचाहिँलाई बताउन हिँड्‌छिन्
- कुञ्जिनीको बिहा लख्खन लेप्टेनको छोरो सेतेसँग छिन्ने काम बहादुर खड्‌काको घरमा हुन्छ
- विवाह हुने कुरा बुझेर कुञ्जिनीको कलेजा छियाछिया हुन्छ
- बजिरिस्तानमा पठानसँग गोर्खालीको जम्काभेट हुन्छ र गोरे घाइते हुन्छ

- [बजिरिस्तानमा अस्पतालमा गोरे र मानवीर गुरुङ दुई घाइते साथी नेपाल सम्झन्छन्, गोरे कुञ्जिनीलाई सम्झेर भन्छन्]
- [बिहाको दिनको घटना (क)]
- [बिहाको दिनको घटना (ख)]
- [बिहाको दिनको घटना (ग)]
- [बिहाको दिनको घटना (घ)]

# घाँस काटेर घर फर्कंदा गोरे राहुतले गीत गाएको

(१)

कोल्पूको कलकल नीरमा,
गुलाफ झाँगे तीरमा।
तिनको झुपडी!
आलू है बखडाको
मोतीझैँ सेता फूल फूल झर्छन् बर्बरी!

(२)

सुन सुनका साना दाना,
जून जूनमा झल्की नाना।
गुन गुनको सुन्दै गाना।
गुड्छन् हर्घडी!
हीराका छलछल लहर,
नचाउँछन् तीनै पहर,
कलकलको केलि रहर,
गर्छन् जलपरी!

(३)

लहरले लहर खेदी
झिल्टुङको पहाड फेदी
जुनेली चाँदी सेती
पहाडकी छोरी नदी
फूल फूल किनारे !
ढुङ्गाको त्यो तरङ्गमा
हीरा जुहारे !
त्रिशूली भेट्न भनी
हरियो कुञ्जमनि
रङ्गिला कण्ठध्वनि
सुन्छिन् जहाँ रे !

(४)

जङ्गली बाह्रमासे
माला ली फूलका हाँसे
ढुक्कुर छ सपनामा
कोल्पू किनारा !
झाङ झाडी लहलह
जूनको टहटह
पालुवा चहचह
आकाशमा झल्के थोरै
रातका सितारा !

(५)

मधुरो रङ्गले छोई
बास्नाको तुना फोई

मुनाको आयो पोइ
कोइली लिएर।
सुन्तला मुसुमुसु हाँसी
निदाउँदो हावा छासी
बास्ना दिएर।
जूनले लिपिन् जगत्
काम गर्दी रातमा फगत्
पहाड झरेर!

(६)

आकाशकी अप्सरा,
चाँदीको किरण कुचो
फूल फूलको पहाड माथि!
अमृतको रसमा चोभी
हरिया पहाडलाई
जलप दिएर।
सुनजाइ फुल्छे जाति
हाँगामा ढुङ्ग्री सजी
झप्प गरेर।
रङ्ग र रोगन फुल्छ
बास्नामा बैंस झुल्छ
पीर्तिको पन्ना जगत्
मगमग भरेर!
जूनको किरणमा, आइन् झरेर।
फूलका नसा तिनमा
वसन्ती रसका वनमा,

पहाडको फुल्दो फल्दो
मोहनी तिनमा बल्दो
वारि र पारिको टूना भरेर।

(७)

लाग्छ है मलाई आज
यो ठाउँको सारा साज
गहना तिनलाई भनी, दिए छरेर।
कोपिला रसका छाती
गुलाफका गाला जाति,
अँध्यारो केश माथि
भँवरे नानीमा जून जून भरेर।
यो कोल्पू कलकल नीरकी
गुलाफ झाँगे तीरकी।
जून बादल कोमल शिरकी
पहाडको खोली खिड्की
कुञ्जिनी अप्सरा, हेर्छिन् नुहेर।
लौ हेर, स्वर्ग भरी
चमचमे झल्के परी!
पृथ्वीले फूल पारिन् ज्योति दुहेर।

(८)

यो घाँसको डोको भारी
जानु छ पीप्पल घारी
सपना वारि पारि!
स्वर्गको फूलको बारी।

कुञ्जिनी ! मेरी प्यारी ! सम्झेँ पुजारी ।
आजको दिनलाई खालि
स्वर्गकी अमृत थाली
सम्झेर नजर हाली
हृदय मेरो सधैँ रुन्छ पुकारी
कुञ्जिनी ! मेरी प्यारी ! सम्झेँ पुजारी ।

# गोरेले कुञ्जिनीलाई पर्खेर बस्ता मनमनै गीत गाएको

(१)

पख् ! छाती एकै छिन ता बाटो हेरौँ न
छहरे काँधमा आउँछिन् भेडा चराउन !

(२)

सुकिला बादलजस्ता उनका उज्याला ।
वर्षाकी जूनझैँ तिनी
हँसिली मुसकान बनी
चराउँछिन् नरम ऊनका जन्तु उज्याला
एक छिन ता सल्लामनि आशा गरौँ न !

(३)

छ हेर कालो केशकी
जाइमाले निधार देशकी
पहाड अप्सरा !
बाँकटे मखमल चोली
हरियो सारी डोली
बैँसकी मूर्ति भोली

वसन्त ऋतुजस्ती, गाउँछिन् वन चरा!
एक छिन ता कानमा अमृत, मीठो भरौँ न!

(४)

पालुवा नरम लाली
दारिमको ओठमा हाली,
वसन्त रसले पाली कोल्पू बगैँचे
मिर्गका ज्यूँदा आँखा
अङ्ग छन् फुल्दा शाखा
बोलीमा कोइली लाखाँ–
सुनदाने तीरकी रानी
मिठासकी फुल्दी खानी
नानीमा परी पानी
राज गर्छिन् पहाड दरबार, मखमल गलैँचे।
मर्मर छोडी सुन्न सल्ल! कान भरौँ न!

(५)

उः हेर तिनी आइन्
पीर्तिका बथान ल्याइन्
वन नाला बन्दै गाइन्, फूल पयरमा।
फूल झुम्के कम्मरबन्दी,
लहरा मुसमुस गन्धी,
लहडको मधुर छन्दी बाँधी कमरमा।

# गोरे र कुञ्जिनीको संवाद

(१)

'पहाडकी छोरी,
हे हिउँ गोरी!
थाली थाली आँखामा मोती,
मोहनीको मन्दिरको पुजारी।
एक बोली, वचन, पीर्तिको वरदान,
माग्न भनी जनम जनम।
धाई आयो पयरको भिखारी।'

(२)

'कमलको पातमा
शीतको थोपा
छिनभर झल्झल गर्ने यो जोवन,
यससँग के लाउनु मित्यारी?
मानिसकी छोरी
एक छिनकी गोरी
फुलेपछि वैलाउँछन् सार!
बरु बन्नु ईश्वरको पुजारी।'

(३)

'कोइली बोल्यो,
गुलाफै फुल्यो
पत्तीहरू झार्नेछ हावा,
बास्ना दिलको मर्दैन वैलाई।
एक हिउँद आई
तुषारो छाउला
वसन्तले डाक्नेछ सच्चा
कोइलीको स्वरले फैलाई!'

(४)

'एक छिनको रङ्ग
एक छिनको सङ्ग
संसार यस्तो असार छ भन्छन्,
बैंस जान्छ बिर्सेर वैलाई।
पुतली जोवन
एक छिनको यो वन,
आँधी हुरी चम्किन्छ भन्छन्,
रुनुपर्ला भजेर मैलाई।'

(५)

'मुटुको घण्ट
शामको चामर,
फूल झुल्छन् मनमा मेरा,
बास्ना तिनका धूप झैँ फैलाई!
जहाँ म जाऊँ

जात्रु झैँ धाऊँ,
पहाड खाडी खोला छन् मन्दिर
वनदेवी तिमी नै मैलाई !'

(६)

'एक छिनकी बत्ती
एक छिनकी ज्वाला,
धपक्क भै वनले बाल्यो,
धिपिक्क भै निभ्नेछु एक छिनमा।
देखुन्जेल एक छिन
उज्यालो भन्छन्
निभेपछि अँध्यारो होला,
बदली झैँ रुनेछ मन वनमा।'

(७)

'अँध्यारो रातमा
म पसी खोजेँ
आँसु आँसु छम्कन्थे सारा
तर भन्थेँ तिमी छौ गगनमा !
संसारको शून्य
तर्साउन आयो;
रूपरङ्ग छाडेर देखेँ ज्योति,
यौटा ननिभ्ने मन-मनमा।'

(८)

'फूल हो राम्रो

रङ्गिलो बैँस
तर बास्ना पीर्तिको नामको,
        बस्छ तीखा काँढाको भुवनमा।
नदुख्ने दिललाई
किन यो घाउलाई
दुःख मात्र बटुल्नु हरे!
                बिभी बिभी रुनलाई छिन छिनमा!'

(९)

'जीवनको ज्योति
परेला मोती
रुनुभन्दा के हुन्छ मीठो,
                पिरतीको फूलको जीवनमा?
दिल त्यो हो सीनो
जो लिन्न छिनो
कुँदिलिन अप्सरा मूर्ति,
                सर्वस्वको पर्दामा यो मनमा।'

(१०)

'भँवरो दिल छ,
एक छिनको फूल छ
छिनभर चाख्ने हो रस,
                तारीफ गरी मसीनो गुनगुनमा।
एक झोँका हावा
एक टुक्रा छाया

अनि हिँड्छ रुलाउन,
सधैँ छाती खोली दिएको जोवनमा ।'

(११)

'नानी झैँ सच्चा
आँखामा हुँला
मुटुजस्तो जीवनमा प्यारी !
मलाई राखे छातीमा एक कुना ।
फूलमा रङ्ग झैँ,
औँलामा नङ झैँ,
तिउरी बनी पयरमा बस्छु,
सौन्दर्यको छायाको नमूना ।'

(१२)

'के रैछ हरे !
के हुँला भरे
आफ्नू भन्ने हृदय नामको,
आफ्नै पनि नभई चोरिने !
म रङ्ग लिन्नँ,
म दिल दिन्नँ,
भनी चोखो दिल बनूँ भन्दै,
करमले मलाई नदिने ।
सक्तैनौ छोड्न
भँवरा जाति ?
यो फूलको छाती चोखाको चोखै
ईश्वरलाई लगे अर्पिन ?

अर्काकी भई,
गुमाई आफू,
म भन्नै पनि दिँदैनौ होलाउ?
            के जात हरे! अरूले हरिने!'

(१३)

'स्वर्गमा बले सुनका ज्वाला,
        चुलीले लाए सुनका माला,
                कोल्पूले सम्भिन् सुनका बाला।
                        भेडाले आँगका फरफर पारे,
                                सुकिला ऊन-बादल-उज्याला।
छहरा गाउँछिन् पीर्तिको नाला,
        लालमोहर लाग्यो स्वर्गमा हेर,
                वचनमा तिम्रो कबूलका माला,
                        बिर्सियौ भने बल्नेछ ज्वाला,
                                दनदन पार्ला संसार टाला।
वसन्त बोल्छ फूलका डाला,
        सुनेर हाँसे पर्वतका माला,
                बेइमानी दिललाई नरकका ज्वाला,
                        सच्चाको दिललाई मोतीको माला।
फूलका बन्लान् महका प्याला,
        यो दिनलाई कल्ले मेटेर जाला,
                आउँदछन् परी स्वर्गका हेर्न
                        निदाउँदा तिम्रा मनका चाला।
कुञ्जिनी भन न!
तिमीलाई राखी आँखामा सुत्छु

तिमीलाई सम्झी बिहान उठ्छु ।
कोल्पूका सुन झैँ तिमीमा बुड्छु,
स्वर्पङ्खी चरो बनेर उड्छु
हे मेरी जीवन !'

# कुञ्जिनीले प्रेम-प्रकट गरिन् भनेर गोरेको हर्षोद्गार

(१)

आज फूल-फूल पहाड बने
आज फूल-फूल पहाड !
नगर न गुलाफ नानी !
मेरो लाल लाल डाहाड !
जीवनमा एकबार आउँछ
पिरतीको चाहाड !
मुरली-मुरली खै-खै मुरली !
मुरली खै मेरो ? टिरलिर मुरली !

(२)

रङ्ग मनका फूलमा फुटे, ओठ लगाएर,
बास्ना दिलका मगमग छुटे हावा जगाएर,
कोइलीको कण्ठ खुल्यो मुना मगाएर
कोल्पू देशमा पीर्तिको फुली, चीसो भगाएर !
मुरली-मुरली खै-खै मुरली !
मुरली खै मेरो टिरलिर मुरली !

(३)

नाच नाच फूलपरी! रेशम लगाएर।
झुम्कझुम्क हाँगा, हरि! पन्ना मगाएर।
झरेका सब आँसुदाना जुहार जडाएर;
कोपिला हाँ! खोल पाना कबूल खुलाएर!
मुरली-मुरली खै-खै मुरली!
मुरली खै मेरो टिललिर मुरली!

(४)

पालुवाको कल्की लाऊँ
आकाशमा गुलाफ छाऊँ
सेतो दूबोमाथि कुल्ची
आधा उडी गाऊँ
बैँसको लेऊ झीनो धनु लहराको माला।
फूलको तीखो शरको चोसो, रगाऊँ पीर्ति ज्वाला,
नील घण्टीमा भरिदेऊ एकै घुट्को प्याला,
आज कसको दिलको शिकार बाण कहाँ जाला!
पिरतीले रति जिते बाल वनका ज्वाला!
मुरली-मुरली, खै-खै मुरली!
मुरली खै मेरो! टिरलिर मुरली!

(५)

पहाडको दरबारमा वसन्त झिलमिल!
दक्षिणको मसालाले वन छ सबै खिलखिल!
लङ्कापारिबाट परी बतास पङ्खी आए!
बादलका चाँदी भुवा सौगात भनी ल्याए!
झुम्के चरम रङ्गीचङ्गी डोली-डोली धाए

साइपाटाका फूलका किश्ती सारा झिल्मिलाए।
कोपिला भै बेह्रिएको लगन खोली हेर!
सुनका अक्षर सुनका कबूल पाइनेछन् धेर!
आज कोल्पू सुनसुन झल्की लहरबेली चली
आज शीतल छहराले जुहार बोली-बोली।
मुरली-मुरली खै-खै मुरली!
मुरली खै मेरो टिरलिर मुरली!

(६)

आज चुस्छु फूलको ओठमा भँवराको खाना,
आज लाउँछु छहराका जुहारमाले दाना!
आज चढ्छु फूलको हाँगा मुरलीलाई लिई।
आज गाउँछु पीर्तिगाना वनको चरो भई।
मुरली-मुरलीइ खै-खै मुरली!
मुरली खै मेरो टिरलिर मुरली!

(७)

खुकुरीको तीखो टुप्पो रूख-रूखमा लाई
बोक्रा भरी तिनका नाउँ दिन्छु बुट्टाई।
दुख्ने छैन आज रूखलाई पिरतीको नाउँ!
बिजोग भए मन ईश्वर आफ्नै छाती लाऊँ!
वसन्तको मीठो बैँसमा मलयको हावा
छोडी प्राण मर्न पाए,
आजै दिनको गुलाफ जस्तो दुःखको केको दाबा?
फिरिरहुँला वरिपरि पयरको हावा!

मुरली-मुरली खै-खै मुरली !
मुरली खै मेरो टिरलिर मुरली !
सुन-सुन दाना टिपी कोल्पूतीरका साना
जिन्दगीलाई गीत बनाई,
गहनाले प्यारी तिम्लाई छाइदिउँला नाना !
पिरतीले आज खाला फूल-फूलका खाना
पहाड दरबार भरी भरी चरीकण्ठे गाना !
बेली फूल भैँ दिल-दिल मिली दुइटा एकै बनी
पहाडका दुइटा जोडी
ढुक्कुर कुर्ली वनमा हामी जिउँला सधैँ धनी !
मुरली-मुरली खै-खै मुरली !
मुरली खै मेरो टिरलिर मुरली !

# गोरेले कुञ्जिनीलाई माग्न आँउदा बाबु ठालूसिङ् रिसाउँछ

(१)

तारामण्डल छाना तेरो
        तीतेफापर खाना !
भीरको सानो मकै बाँदर
        हाँक्छस् निकै ताना !

(२)

नाक छोप्ने टालो छैन,
        टोपी कालो हाँडी !
ठालूसिङ्की छोरी माग्ने
        खस्रा हात माडी !

(३)

ऐना हेरी आइज यसो
        गाउँले छिमेकी,
एक दामको सुर्ती छैन
        तीन लाख फुर्ती हाँकी !

(४)

जग्गाजमीन धरो छैन
        खुर्सानीको बारी !
जैमानेको तरङ्गलाई
        हिमाल जून पो पारी !

(५)

हीरा चाँद पगरीको
        ठालूसिङ् हो नाति,
पचास जैरे पाल्न सक्छु;
        तँ होस् तीतेपाती !

(६)

त्रिशूलीमा डुबी आइज,
        मेरी छोरी लिन।
नत्र भीरको भालूलाई,
        जा ! जा ! ! मैले दीन।

# कुञ्जिनी कोल्पूपारि मावलबाट नआइपुग्दा बाबुको मनमा चिन्ता उठ्दछ

(१)

आज आए काला बादल, पूर्व उत्तर ढाकी,
काला, गर्न्हूँ भरी बादल,
सगर ढाक्ने बाक्ला बादल,
पहाड झर्ना पार्ने बादल, वर्षादले डाकी !

(२)

अन्धकारका काला गाजल, रातलाई रुलाई झर्ने गाजल,
छाँगा छहरा भने गाजल, एक टुक्रा छ बाँकी !
        छङ्-छङ् गर्ला रातको छाँगो,
        उर्ली आउला खोला लामो,
        झर-झर रोला वनको हाँगो,
        कोल्पू नदी उर्ली आउलिन्, त्रिशूलीलाई डाकी !

(३)

झिल् झिल् गर्छे कालो सगर
        थर्काई थर्काई पहाड बगर
                'घर् घर्' बढाइँ गरी !

गुफा सारा गुँज्न थाले
बच्चा काट्यो गर्जनाले
पहाड पर्वत भरी !

(४)

पूर्व उत्तर बर्स्यो सारा
कुइरैमण्डल पानी धारा
समुद्र भैँ झरी !
हाम्फाल्दो हो खहरेले,
अन्धो वेगले झरी !
ढुङ्गा फैँकी परिज काटी,
चुरिएर मरी !
सूर्य डुबे 'पिँडा'[१] पारि
चीसो बतास वेगले झारी
वनलाई थुर-थुर पारी !

(५)

कोल्पू-शिरमा बर्स्यो सगर
भेलले छोप्ला साङ्ले बगर
जल धमिलो भारी !
कान्छी अभ्र आ'की छैन,
मावल गै पारि !

(६)

गरुडले नाग है लग्यो,

मुश्ले पर्ला झरी!
पलङ्गाको सागर चढ्यो
आज आकाश भरी!
झिल्-झिल्! झिल्-झिल्! झिल्-झिल्! झिल्-झिल्!
आँखा बन्द गरी!
अँध्यारोले गर्जी-गर्जी
पोख्ला सूँढे झरी!
कल्ले देला आज त्यल्लाई
कोल्पू नदी तारी!
कान्छी अझ आ'की, छैन मावल गै पारि!

(७)

ए! को हँ? कान्छी हो कि? बारको पछाडि
ए! को हँ? आन यता! हेरूँ अगाडि।

(८)

ह्वैन सिन्धु! पहाडभन्दा, ठूला बादल छन्,
एक डाँडा बुडाइदिने, काला बादल छन्।

(९)

छोपी आउला मुश्ले झरी, गुलाफ झाँगे भीर,
कान्छी भने आ'की छैन, मनमा लाग्छ पीर।

(१०)

पहिलो भेल छ पहाड ठूलो, गडगड छोपी आउने
भेट्टाएमा बाँकी कोही, हुन्न जिई धाउने!

ताछे कल्ले आज त्यल्लाई, कोल्पू नदीवारि!
कान्छी अझ आ'की छैन, मावल गै पारि!

(११)

'होइन हजुर! भोलि आउलिन् आज बसिन् बास,
साँझ परिगो झमक्क भै, आज छैन आस।'

(१२)

'यौटी छोरी रतन मेरी,
    पाठी तुषाराकी
मनमा खलबल पर्छ, सिन्धु!
    ओर्लिन्छिन् कि कोल्पू भनी
    त्रिशूलीलाई डाकी!
आँखा खान्छ अगुल्टाले
    झिल्-झिल् झिल्-झिल् पारी
        कान्छी भने आ'की छैन,
            आज कोल्पूवारि।'

१. ↑ गजुरी पिँडा

# कोल्पूतीर बसेर गोरे कुञ्जिनीको प्रतीक्षा गर्दछ

(१)

गोरे राहुत तीरमा बस्यो, कोल्पू नदीवारि !
एक झल्को कुञ्जिनीको पाएपछि बिसाऊँ भनी,
जीवनको भारी ।

(२)

अपमानले छिया-छिया मुटु आफ्नो पारी,
कुञ्जिनीलाई हेरीकन जान कोल्पूपारि ।

(३)

तरङ्गमा आँसु भरी बादलभन्दा काला,
बिजुली झैँ उड्न खोज्थ्यो मनमा जली ज्वाला ।

(४)

अँधेरीले पर्वत छोई मिर्मिर भयो सारा,
छिटा दुईचार बुँदा झरे आउँदै थियो धारा ।

(५)

कोल्पू थिइन् अहिलेसम्म शान्त सरल धारा,

बादल मात्र जाल गर्थ्यो चारतरफ सारा।

(६)

मिर्मिरेमा मूर्ति यौटा मनुष्य झैँ देखी,
को होला त्यो भनी सोच्थ्यो, कुञ्जिनी पो हो कि?

(७)

आयो गड्गड् ठूलो भेल, पहिलो ठूलो भारी
माथिसम्म उर्ली हल्लाई पहाडको दाढी।

(८)

गुड्गुड् गर्दै कोल्पू देवी, चुरिएर आइन्,
यौटा चिच्च्याएको आवाज यौटा तर्सिएको आवाज
गोरे-कानमा ल्याइन्।

(९)

पिरतीको चङ्ग कानमा मुटु तर्साइ पऱ्यो,
चिच्च्याएको तीखो आवाज गोरे झट्पट् झऱ्यो।

(१०)

हाम्फाल्यो है ठूलो भेलमा, मिर्मिर अँधेरीमा!
कुञ्जिनीलाई फेला पाऱ्यो, बीच भुँवरीमा।
पौडी ल्यायो कोल्पूवारि कोल्पूवारितीर,
जहाँ उपर फुल्थ्यो डम्म, गुलाफ झाँगे भीर।

(११)

झ्याउ झैँ चीसा केशले तानी फूल-थुँगे शरीर
बहादुरले पौडी ल्यायो, फूल-थुँगे शरीर।

(१२)

स्याबास गोरे! बहादुरलाई, अप्सराको इनाम
कुञ्जिनी छन् ज्यूँदै अझ, बोकी लैजा फूलको ध्वजा
केको निम्ति मर्नु आखिर, केको तेरो बिराम?

# कुञ्जिनीको बाबु गोरेलाई कुञ्जिनी दिन मन्जुर गर्दछ

(१)

अबलाई भन्ने छैनँ करमको गति!
तैँले ज्यान बचाई ल्याइस्,
ईश्वर-हातले तैँले पाइस्
बचाएको जति!

(२)

अबलाई भन्ने छैनँ! ईश्वरको हुकुम!
मेरी छोरीभन्दा अगि
झन्डै कोल्पू रिसाई लगी
हाम्रो भन्नु के छ हकि?
दैवको छ रकम!

(३)

अबलाई भन्ने छैनँ आफ्नो इच्छा लागि
हामी ताक्छौँ यौटा कुरा, दैव गर्छ आर्कै पूरा
मेरो भन्ने पाउँछ छुरा,
संसार कहाँ बन्यो नानी! मेरो आफ्नो लागि!

(४)

अबलाई भन्ने छैनँ जे गर्दछौ गर
कुटी लिई बगैंचामा फूललाई गीत गाउँछु
परमेश्वरका भर
चार दिनको गुँड हो अब, के भन्नु छ घर
तुषाराका निम्ता पाई, जानुपर्छ पर !

(५)

अबलाई भन्ने छैनँ बालखको पीँढी !
बनिसक्यो आफूलाई परदेशको सीँढी !
नयाँ चरा आई टिपे पिरतीका गाना !
कति दिन पो बाँकी छ र जिन्दगीका पाना !
जानु नजिक भइसक्यो लिई आँसुदाना
तिमीहरू सुखमा भए पुग्यो मेरो खाना ।

# कुञ्जिनीसँग बिहा हुने आशाले गोरे आनन्द प्रकट गर्दछ

(१)

स्वर्ग छैन टाढा अब
पहाड टाकुरामा
कलेजी रङ्ग हरियो भो
मनको आँकुरामा !

(२)

श्रीपेच लगाई बल हिमाल
बादल साला बुन ।
सारा भेडा कुञ्जिनीका
सुनका लिन्छन् ऊन ।

(३)

कालो झरी आयो गयो
धोई झन्, झन् जून ।
सुखले आज धप्को लियो
स्वर्गका हे परीहरू !
सुनका माला उन ।

(४)

घण्टी बजाऊ पहाड मेरा
गुञ्ज गुफा-गुफा।
जीवन चढाएको पीरति
पाउँछ आज नफा।

(५)

पलाँस हाल नयाँ पत्ती
हरिया ह्वौ केरा।
तारा बाल झिलमिल बत्ती
स्वर्ग पृथ्वी मेरा।

(६)

पहाडकी अप्सरालाई
हरा चामर डोल।
स्वर्गबाट टिपी स्वर
चरीकण्ठ खोल।

(७)

उफ्री मुटु उर्ली उर्ली
आज मनको बाढी।
बिहालाई धेरै छैन
जीवनले छुनै लाग्यो
नन्दनको बारी।

(८)

वन हरियो किनी ल्याउँला,
        कान्तिपुरी सारी
मनका बाजा बज-बज,
        दिन आउँछ भारी !
        प्रभु जगत् सिँगारी ।

(९)

दुलहीको घुम्टो भरी सिताराको झलझल ।
सिँगारेकी कुञ्जिनीलाई रेशम सारी झलमल ।
गुलाफजस्ता लाली चढी उत्री वर्ली जाँदा ।
कस्तो कबूल मनले गर्दा अनन्तको बाँधा ।
            हजुर, कृष्ण मोहन राधा ।

# कुञ्जिनी पनि खुशी बनेर सानीमा सिन्धुसँग आनन्द प्रकट गर्दछिन्

(१)

'लगाइदेऊ न सानीमा ! केँवराको ट्वाक पानीमा
सिउर गुलाफ सानीमा ! कान्तिपुरी सारी धानीमा ।

(२)

गाजल लाइदेऊ सानीमा ! खुल्ने गरी आँखा नानीमा,
लमकोसे पार त्यसै ! कान्तिपुरी सारी धानीमा ।

(३)

कुर्कुच्चा घोटी-घोटी, हाँसका फुल झैँ पारी
पाउजेब लाउन मन लाग्यो, छमछम गरी भारी ।
रेशमका राम्रा चुरी, लगाइदेऊ न आज,
झुम्के यारिन् झल्काऊँ भने, लाग्छ मलाई लाज ।
मखमली बाँकटे चोली मेरो खोइ ?
बैँस जस्तो हरियोमा, किन बसूँ रोई !
आज उड्न मन लाग्यो डाँफे गीत गाई,
ढुक्कुर जस्तो कुर्लूं कुर्लूं, हुन्छ मनमा आई ।
लगाइदेऊ न सानीमा ! केँवराको ट्वाक पानीमा,

सिउर गुलाफ सानीमा ! कान्तिपुरी सारी धानीमा ।

(४)

फूलले डाक्छे भँवरालाई, बैँसको कचौराले
पोशाक लाई रेशम राम्रा ।
अत्तर छिटी, हाउभाउ गरी नाच्छे नखराले ।
रसको बैँस एकै छिनको बुभ्छ भँवराले,
आज मलाई सिँगार्नको रहर लाग्यो सारै,
नाच्-नाच् भन्छ वनको हावा कोट्याई तारन्तारै !
पखेटा भएदेखि उड्थैँ, सानीमा !
लगाइदेऊ न सानीमा ! केँवराको ट्वांक पानीमा
सिउर गुलाफ सानीमा ! कान्तिपुरी सारी धानीमा ।

(५)

ऐना लेऊ न सानीमा ! आज हेर आँखा नानीमा,
लहराले रूखको लिई फुली अङ्कमाल !
म त सधैँ बाँभी हुन्छु जस्तो भयो चाल ।
गुलाफको लाल मुस्कान मेरा ओठमा हाल,
सयपत्रीले लगाइछ नि दुलही घुम्टे जाल ।
बादलको चँदुवामा अबीर-अबीर लावा !
नाच्न लागे मुजुरपङ्खी वनका शीतल हावा ।
कानेखुसी गर्न आयौ लौन ! बतास आज !
पात-पातमा सुसेलेर, लाग्छ मलाई लाज ।
पखेटा भएदेखि उड्थैँ, सानीमा !
लगाइदेऊ न सानीमा ! केँवराको ट्वाक पानीमा
सिउर गुलाफ सानीमा ! कान्तिपुरी सारी धानीमा ।

(६)

एकै बारको बैँसे बहाड एकै बारको चाहाड
गुलाफ नानी नलेऊ मेरो लाल-लाल भई डाहाड।
काँढा हाम्रा झरिसके पीर्ति फुल्छ खालि,
तिम्रो भन्दा राम्रो सुबास दिउँला अत्तर हाली।
मनको धोको ईश्वरले पुऱ्याइदेलान् चाँडो,
आँसु हाम्रा जुहार होलान् मर्ला मनको काँढो!
चखेवा र चखेवीको भेटमा स्वर्ग सुन-सुन,
बादल फाटेपछि मनको आकाशमा जून-जून।
मनको धोको कल्लाई बताऊँ एकान्तको कानमा,
हाम्रा पनि फल्लान् बिन्ती देवताका थानमा!
आज जीवन फुल्छु भन्छ रङ्गरङ्ग लिई राम्रा।
सुनका प्वाँख लिई आउलान् दिन उज्याला हाम्रा।
    छातीमा आँसुका मोती-माला उन!
    भाग्य हाँस्छ अनारदाना सुनका बाद बुन!
लगाइदेऊ न सानीमा! केँवराको ट्वाक पानीमा,
सिउर गुलाफ सानीमा! कान्तिपुरी सारी धानीमा।'

(७)

'आज तिमी वनकी रानी ह्वौली सिँगारेर,
छम्-छम् पयर पाउजेब रेशम लतारेर।
केँवराको मुकुटेलाई लहरामा राज!
दक्षिणका हावा-परी चमर डोल्लान् आज।
मुजुरलाई नचाउँला थोप्ले पङ्ख फिँजाई,
डाँफे हामी उडाउँला, इन्द्रेनीलाई गिजाई

नील घण्टीको गिलासमा वनको मधुरस
ओठले छोई छल्र्यौ तिमी लोभी दिशा दस।
परी घेरा लाई हाम्रो हातेमालो नाची,
तिमीलाई रिझाउँला झीना कम्मर भाँची।
पहाडको अप्सराको बिहे गाना गाउँला,
बाह्रमासे गुलाफलाई,
रङ्ग राम्रो टिप्नलाई, तिम्रा ओठमा लाउँला,
जूँघे फूललाई ल्याई तिम्रो बिहा गरी गाउँला,
लहराको लगनगाँठो फूलको बाँधी लाउँला।
मुरली लाई ओठमाथि कृष्ण आफैँ बनी,
तिम्लाई राधा बनाइदिउँला बाँसको बोटमनि।
लहरामा राधारानी बन तिमी नानी!
        गुलाफ सिउर कान्तिपुरी सारीमाथि धानी।
तिम्रो मनको धोको पुग्ला छोरी मेरी गोरी,
        आज लावा अबीर लिई मचाउँला होरी।
आज तिमी वनकी रानी हौली सिँगारेर,
        छम्-छम् पाउजेब पयरका रेशम लतारेर।'

# तर त्यसै बेला जर्मनको लडाइँमा गोरेलाई जानुपर्दछ

(१)

मुस्कानको छिटो पङ्ख,
अड्छ कहाँ धेर।
एक छिनलाई स्वर्ग खुली,
बदलीलाई नेर।
हजुर, बदलीलाई नेर!

(२)

जुन आँखामा हाँसो चम्क्यो,
त्यसमा भरे पानी!
सुख त बिजुली झैँ उड्छ,
हजुर, काला हुन्छन् नानी!

(३)

एक छिनलाई गुलाफ मुस्की
पत्ती झर्छ सारा।
सुख झैँ छोटो छैन केही,
आशा जस्तो झिल्के मोही,
दुःख पाटीमा प्यारा!

हजुर, संसारमा प्यारा !

(४)

कालो बादल पश्चिमको,
सल्की गर्ज्यो सारा।
जर्मनको लडाइँ उठ्यो,
पोख्न रगत धारा।
हजुर, जगत् तर्साई सारा।

(५)

आकाशमा उड्छ भन्थे,
पड्का खसालेर
केटाकेटी तर्सी सुन्थे,
आँसु सह्मालेर
हजुर, आँसु सह्मालेर।

(६)

हाम्रो पहाड जीवन पनि,
लडाइँले छायो !
जस्तो चट्टान किनाराको,
समुद्रको तूफान भेलले,
ठक्कर लागेको यो !
हजुर, ठक्कर लागेको यो !

(७)

सोह्र वर्ष नाघ्ने ठिटा,

देशले सारा डाकिन्!
कुञ्जिनीको कुञ्ज सुखलाई,
धेरै बेर आस दिलाई,
बदलीले ढाकिन्! हजुर, बदलीले ढाकिन्।

(८)

परेलामा आँसु अडाई
भुलभुल मुटु पारी,
गोरे राहुत कुञ्जिनीको,
हेर्थ्यो फूलको बारी!
हजुर, हेर्थ्यो फूलको बारी!

(९)

कुञ्जिनीलाई जरो आयो, ओछ्यानमा परिन्।
भोलि जाने दिन भो राहुत,
कठैबरा! मरिन् हजुर, जिउँदै कठै! मरिन्।

(१०)

आज राति गोरे बस्यो कुञ्जिनीको छेउ!
रात गयो रुँदारुँदै
मुटु गाँठो हुँदाहुँदै,
सक्ने भए फोऊ, हजुर, सक्ने भए फोऊ!

# गोरे कुञ्जिनीलाई लडाइँ जाने बेलामा सम्झाउँछ

(१)

'भोलि जानुपऱ्यो है ज्यानी! जानुपऱ्यो जर्मनको धावामा।
खुकुरी भिरी, अगाडि सरी जानुपऱ्यो जर्मनको धावामा॥

(२)

राजाको हुकुम, मर्दको रकम, हामीहरू देशका सिपाही।
नूनको रीन, सोझो हो सुन, गर्नुपर्छ देशको लडाइँ॥

(३)

देश हो हाम्रो, नेपाल राम्रो, आर्यभूमि हिमाल काखको।
स्वर्ग झैँ सुन्दर, धर्मको मन्दिर, जन्मनलाई रोजामा लाखको॥

(४)

यी हाम्री आमा पर्वतस्तनी, स्वर्गकी छन् दूधकी छाँगा ली।
यिनको नाम, स्वर्गको घाम, राजाको हुकुम प्रजाको काम
हामी आयौँ चिडिया जस्ता, यौटै देशका फूलका हाँगा ली॥

(५)

कलेजा टुकटुक छुट्टिँदा हुन्छ, आँसु झर्छ बर्बर हावामा!

तैपनि हामी मर्दका जाति, जानु नै पर्छ दिन वा राति,
परेलाले आँसुलाई बाँधी, जानुपऱ्यो, जर्मनको धावामा ॥

(६)

नमाने चिन्ता, नमाने सुर्ता, मर्द लड्छ देशको लडाइँ।
जितेमा हाम्रो वीरको नाउँ, मरेमा हाम्रो द्यौताको भाउ,
मर्नेजति वीरलाई हुन्छ, अमृत प्याला स्वर्गको बढाइँ ॥
खुशीले जाउँला यश कमाइल्याउँला, मर्दजस्तो जुँगाको तावैमा!
भोलि तिमी छोडेर ज्यानी! जानुपर्छ जर्मनको धावैमा!

(७)

पीर्ति नै ठूलो, जीउ हो धूलो, माटोको हो यो मूर्ति उनको,
अर्पेको प्राण, आउँछ रे बिहान आफ्नो इच्छा स्वर्गमा सुनको।
उडेर जान्छ हंस रे भन्छन् पखेटा ली संसारमा हिउँ-सेतो,
टाकुरापारि स्वर्गको बारी, गाना जो गर्दै मधुर भारी,
झरेको आँसु बन्छन् रे मोती बिझेका सब काँढा रे फूल-फूल,
मरिनै गए भेटुँला पारि,
अमर पीर्ति नन्दनको बारी मर्दैन रे मानिसको हंस रे!
आखिर हामी हाम्रै नै देशका फुलेकै एक चीजका अंश रे!

(८)

देशको हुकुम नमाने पाप भुट्छ हामी सबैलाई तावामा,
भोलिलाई जानु छ मैले, जानुपऱ्यो जर्मनको धावामा ॥

(९)

नेपाल बारी तिमी हौ फूल, मेरो आत्मा भँवरो भुन्भुने,

यो हंस मेरो लाएर फेरो, वरिपरि सधैँ छ गुन्जने,
सुगन्ध तिम्रो देशको जोश वीरको हो आत्माको सिङ्गार,
आँखाकी बत्ती हृदय पत्ती तिमी मेरी स्वर्गकी संसार।
तरवार मेरो भो सम्भी जाग्ला रिसले भाग्ला दुश्मन डराई,
घूँघरले कस्ला मुटुको ज्यान आउँला कान्छी काललाई गिज्याई।
मोहनी तिम्रा भल्केलान् भल्भल् नेपाली खुकुरी भल्काई।
लडाइँकी काली बनौली तिमी दुश्मनको रगत ढल्काई।
तस्बीर तिम्रा वैलिने छैनन् छातीभित्र लड्केर मलाई!
तिमी त रहे आउँला हाँस्दै विजयको अबीर लावामा।
भोलि भने जानु छ ज्यानी! जानुपर्‍यो जर्मनको धावामा।

(१०)

नरोऊ कठै! यस्तै हो संसार सम्भ ठीक बिजोगे नाच जस्तो
कस्तो हामी गरुँला भन्थ्यौँ तर हरे! आज भो भन् यस्तो।
सूर्यको चोला, कीर्तिको गोला समयले साँभमा भर्दछ,
रातको बिजोग दिन भो, दिनको बिजोग अनि रातमा पर्दछ।
संसारको भोको जर्मनको धोको कसै गरी पुगलान् आजलाई,
गरुँला बिहे भन्दैमा हाम्रो, दैव भो निठुर! कर्मको भो चासो।
घाँटी घुँक्का रोकेर जान्छु, भोलिलाई विदेशको हावामा
भोलि जानुपर्दछ ज्यानी! देश छोडी जर्मनको धावामा।

(११)

धैर्य हो धर्म, नारीको कर्म, भक्ति हो नारीको श्रृङ्गार,
पीर्ति हो मर्म, पाप हओस् शर्म आज धेरी लाल आँखा नपार।
एकबाजि फुली, पतिका छाती अनि फेरि बन्द नै हुँदैन।
घाम भरीभित्र, खोलेर पत्र पनि फेरि कोपिला हुँदैन।

एकबाजि फेरि, सत्यवान् मरी, पतिव्रता नारीले बचाइन्,
पतिले राख्दछन् जगत्को प्राण, संसार जीवनको सब पाइन्।
गयो है भनी मै मरे पनि पीर्तिएको नबिर्स धावामा
हंस आउला उडेर यहाँ पहाडका शीतल हावामा।
भोलि जानु, राजाको मानु जानुपर्छ जर्मनको धावामा।

(१२)

नरोऊ राम्री, अप्सरा हाम्री,
आँखामा रुझी नानीमा टलपल भै।
रोएको देख्दा छातीको भल फुट्छु भन्छ पग्लेर जललाई भै,
फुट्दछु अलप् भएर जल,
धैर्य-बाँध नाघेर उफ्री आँखा भरी टल्पल जल्जल् भै।
बैँसकी बारी, फूल-सुकुमारी, चरीलाई सन्देश पठाउँला,
पहाड वनका खबर दिन चरीलाई भनेर पठाउँला!
कहिलेकाहीँ बादल आए भन्नु खबर ल्याउने अगुवा।
आँसुको भुवा सम्झे है मेरो एकान्तमा हेरेर मनधुवा।
एक दुई थोपा दिनलाई छातीमा भित्र साँचेर राखे है!
ईश्वर सम्झे आउँला हाँस्तै हर्ष भरी अबीर लावामा!
भोलिलाई जानु छ ज्यानी! जानुपर्‍यो जर्मनको धावामा!'

(१३)

'म मर्छु' भन्छिन् 'बाँच्दिनँ' भन्छिन्, ञ्जनी रोएर।
छातीको घुँक्का आँसुमा वर्षी सारीले छोएर।
ओछ्यानबाट उचालिएकी हातलाई समाती।
'कसरी खप्ने औँसीको शून्ने।' – आँसुमा फुटेर।
'हृदय मेरो छरिन्छ प्यारा! टुक्रा भै टुटेर।

बिहानी तारा प्राण मेरो लिन्छ चरीले नबोल्दै !
गाडेर गए वनमा बरु– बिहान नखुल्दै ।'
आँखा भो पानी, दुःख भो थोपा छातीको पहाड ।
विरह-बादल गर्जेर रोयो भन्दछिन्, 'नछाड ।'
जीवनको सारा सपना भयो आँसुको निराशा,
नखप्न सकी लुके है तारा बिजोगकै तमाशा ।
पीर्तिको दिललाई हे निठुर दैव ! बिजोग नपार !
छटक्क पार तरवारले कालको छिनेर टुक् पार !

# गोरे गएपछि कुञ्जिनीको विरह

(१)

'दुःखको रात गहना आँसु, केश मेरो फिँजार अँधेरी
डाँडामा निदाऊँ बेहोशमा बिलाऊँ,
बाल्लान् चिता हिमालमा मेरो, हिउँ शरीर राखेर सबेरी !

(२)

बिहानी सास, शीतको बास लिई उड्ला आँसुको वन
साथै रुन फूलको छातीमा।
बादल जली, खरानी होला, विरहले सल्केको जीवन
बग्न कोल्पू लहरका ताँतीमा।

(३)

पीर्तिका काँढा, राख्नेछन् डाँडा
रुँदारुँदै झर्नेछन् पत्ती
बत्ती निभ्लान् फुलेका वनमा।
पुतली बैँस, उडेर जाली
ढुक्कुर खालि बोल्नेछन् सम्झे
बास्ना एकवार फुलेको मनमा।

(४)

उज्यालो आए खुल्ला दुनियाँ सब आँसु र काँढाको
अँध्यारै देऊ, अँध्यारो मलाई आँसु तारा चम्चमाइ सारा
गहना झैँ झिल्टुङका डाँडाको !

(५)

बिहानी चीसो, मुटुमा पस्यो,
काल ! आइज हातले चीसो
हिउँ पार्दै जलेको मनलाई ।
रातको जीवन, आँसुमा खस्ला
पात पातमा बनेर मोती
गहना झैँ सिँगार्न वनलाई ।

(६)

पीर्तिका रङ्ग, काँढाको सङ्ग
मलाई बेरे गुलाफले सारा
बिहानको चितामा जलाउन ।
धोबिनी चरी, नआइज फेरि
आशा जस्तो वनको हाँगा
झूटो बोली मलाई रुलाउन ।

(७)

औँसीको गाजल लमकोसे गरी कालसँग बिहामा सिंगार !
छुरीको गोभी रगते रूखमा एक थोपा सिन्दूर देऊ निधार !
कल्कीको फूल च्यातेर बुरबुर सिउँदो मेरो विरही सिहार ।
त्यो लालपाती, रगत झैँ राती

एक झुप्पा टिपेर मेरो
चिरिएको छातीमा घुसार !
नीलकाँढामाथि जन्मेकी राती
बिनु पातकी आकाशलता
रेशम चुरी बनाई सिँगार !
जाइको ढुङ्ग्री बेलीको फुली
कोल्पूतीरका गुलाफका शीत,
एक-दुई थोपा शिरमा झट्कार।
नीरघण्टी भित्र, कोल्पूको जल
आखिर घुट्को ओठलाई उघार।
एक रउँ केशको, छातीमा राखी
चिरिएको छातीको चीरा !
देखाएर काललाई सिँगार !
झ्याउचीसी शिला तकिया मेरी !
शरीर आँसु-खोला झैँ पसार !
अँध्यारो झर्ना करमको रातको
केश मेरो त्यसैमा फिँजार !
वैलेका फूल झैं पहेँला हौला
विरहले चुसेको मुहार !
न कोही रुनू, न कोही धुनू,
आँखा निलून् आँसुका घूटका !
मलाई लगून् पूर्वको दुआर !
बादल टुक्रा चले झैँ जलूँ,
विरहकी बत्ती झैँ बली
खरानी भै बिहानको सँघार !
नबोलेस् बिहान ! काकको स्वरमा

उडिसक्यो छातीको जुहार।

(८)

फुकाइदेऊ तुना, छातीको कुना,
बिहानको सल्केर आगो,
डाह भयो हुनलाई अँगार!
हिउँको बतास, छातीमा खेलोस्,
मुटु छोओस् हिमालले मेरो,
पाँचै प्राणमा सेतै होस् तुषार!

(९)

सानीमा! मेरी कसरी सहूँ
आँखा मेरो देख्दैछन् अझ,
कान मेरो सुन्दैछ संसार!
विरह जरो जलाउँछ खालि
किन हरे! लिँदैन प्राण
पखेरुको रुलाई संसार!'

(१०)

दु:खले चिसो रुझेका आँखा,
संसाररूपी झाँगिलो काँढा।
ज्यादा भई पलकमा दु:खभार!
मुटुको गाँठो फुक्नको घुँक्का,
छातीलाई उचाली आउँथ्यो
गलामा गै रोकिन्थ्यो बरर!
सानीमा सिन्धु विधवा कठै!

देखी झर्थिन् आँखामा झरर!

(११)

'आजको मुखलाई हेर्न छ दु:खलाई,
गाहारो भो तिमीलाई आज!
हरि! हरि! दु:खिनी कुञ्जिनी।
आँधीको भेल न हुन्छ मेल न ता टिपी लैजान्छ पर
अनन्तको गडगडमा कुञ्जिनी।
पहाडकी फूल, पीर्तिकी मूल, जिन्दगी छ रुझेको सधैँ
इन्द्रेनीका परेला दुईमनि।'

(१२)

अप्सरारूपी, पीर्तिकी द्वीप, कठै! यस्ती पहाडकी ज्योति
कुञ्जिनी यी सुकुमार-तनीलाई।
सब चीज ता दियो कमले हरे!
रुँदैमा तर बैँस पत्ती झरे, मनको धोको, सधैँ भो भोको
पारिदियो विरह मनलाई।'

(१३)

बसेर छेउ सानीमा सिन्धु, भिज्दा भुलभुल परेला पुछेर,
'नमान दु:ख पछि छ सुख' भन्छिन् आँसु आँखामा मुछेर।

(१४)

'जीवनको बाटो आँसुको डोरो
एक छिन मात्र बिजोग छ नानी!
उडी आउली खोलालाई तरेर।

बिजोग भन्नु सधैँको हुन्न
चखेवीलाई बिहान आउँछ
स्वर्ग सारा सुनौला भरेर।

(१५)

विधवा हामी, कुन मुटु थामी
सिँगार सारा सेलाई बस्छौँ
कालो डोरी जीवनको भरेर।
औँसीका रात झैँ आँसुका पात झैँ
सुकी सारा हरियो बैँस
चीसो सासमा रूखबाट झरेर।

(१६)

दिन हाम्रा अस्त, मिर्मिरे जीवन
डाँडामाथि आखिर आँसु,
जिन्दगीमा अँध्यारो झरेर।
तिम्रो त सानो बदली नानी!
आँसु झरी फाट्नेछ स्वर्ग
फेरि घाम जीवनमा भरेर।'

(१७)

'फूलको बैँसमा शीतको थोपा
एक छिनको इन्द्रेणी झलझल
जिन्दगी यो आँसुको दाना छ।
त्यो झलकलाई, सुख भनी हाइ!
काँपी काँपी भर्नु छ आमा!

एक शेका सासको गाना छ।
चिम्लन देऊ आजलाई आँखा!
आज मेरो विरही जीवन
अँधेरीको उज्यालो दाना छ।'

(१८)

'नरोऊ छोरी! नरोऊ नानी!
तिम्रो गला अड्केको घुँक्का,
पिरतीको छातीलाई दुःख देला।
कालीको भजन, धैर्यको वचन,
गरी बस उज्यालो नानी!
पङ्खी चरो उडेर फर्केला।'

(१९)

नबोल्ने भाका बोल्दछिन् चरी,
आज गुँडमा आँधीको गर्जन!
मन आउँछ काँपेर सानीमा!
हिमालको चुली चिता झैँ बली,
दनदन बल्छ विरह जरो,
भुलभुल आउँछ वियोग पानीमा।
नबस है कान्छी! संसारमा भन्छे,
बिहानीले बतास चीसो
मुटु हाली ताराको पानीमा।'

(२०)

'हल्लेकी फूल बिभ्दछ शूल!

आशा अझ हरीयो डाँठ!

सङ्लै बनी अडाउली जोवन।

खराब चिन्ता नगर्नू कान्छी!

हामीलाई हेरेर अड।

आँसु पिई जिएका जीवन।'

# पल्टन चन्द्रगिरीमा पुग्छन्

(१)

चन्द्रगिरि पुगे है पल्टन
नेपाल हरा खाल्डोमा हेरेर।
पाँच मिनट फर्केर रोए
देश सम्झी नजर भरेर!

(२)

कल्कीदेखि खुकुरीसम्म
कान्तिपुरी उज्यालो देखेर।
पहराजस्ता रसाइ आए
टलपल आँसु बगूँ झैँ भएर!

(३)

'यिनै सुनका द्यौताका मन्दिर
यिनै पहाड किल्लाका दरबार!
यिनै हरा झोलुङ्गा वीरका,
नील पन्ना लागेका घरबार।
यिनै घाम र छायाका पाटा
यही घाम झरीको संसार।

यिनै आँखा निर्धक्क गाई
पहाड पाखा चरेका माइसार !
यिनै स्वर्गे दूधका छाँगा,
नागबेली झल्केका जुहार !
यही देशको मखमली चोली,
गरा-गरा मैदान धनसार !
यिनै राम्रा चाँदीका चुचुरा
सुन हुने दिनका दुई बार।
यिनै फुल्दा बगैँचा हरिया
नीलिएका पहाड किनार।
यिनै हाम्रा नीरका मन्दिर
चराहाँगे वनका घरबार !
यिनै हाम्रा नेपाली देवी
हिउँगोरा फूलका मुहार।
तोते मीठा कलीला ओठका
पहाडका पालुवा कुमार।
यही हाम्रो हरियो हावा
लहराको फुलेको फर्फर !
यिनै हाम्रा लहरे नाता,
हिमाल काँधको स्वर्गको दरबार !
यिनै निम्ति पखेरू उड्ला
पखेटा ली ढाल र तरबार।
हिँड आज आँखाका भाइ !
आँसु भरी जानु छ उस पार !

(४)

हामी लाउँला स्वर्पङ्क्ति कल्की,
        हामी लाउँला इन्द्रेनी पखेटा।
                हामी लाउँला आँखाका मोती,
                        अप्सराका आँखाका जगेडा।
हामी जाउँला नेपालको बाटो,
        हामी पाउँला नेपालको हृदय।
                हामी झलझल झल्काउँला भाइ!
                        खुकुरीमा नेपालका उदय।
हामी सारा झरुँला बर बर
        नेपालका फूलका जरामा।
                हामी आउँला लहरे घरमा
                        नेपालको पर्वतको गरामा।
बिजुली झैँ झिल-झिल जीवन
                उत्तर भज्ने प्राणको बतास!
जित्ने आँखा स्वर्गले भरी
लावा अबीर वसन्ती छरी
फेरि हुन भरीको भरी
ल्याउँला बाँकी, जितेर दुश्मन
        परदेशको सुगन्ध सुवास।'

(५)

कसैले दिए बालकलाई चुम्बन कसैले मुसारे!
कोही जोडी आँखा टलपल बनी आँसुले पुकारे!
कसैले फेँके फूलका थुँगा, कोही रोए घनन!
त्यस बेला कस्तो तमाशा होला करुणा, भन न!

(६)

गोरेले सम्भ्र्यो कुञ्जिनी गोरी कोल्पूको किनारा!
कमलको रोगन फूलको जीवन वैलेका बेचारा!
आँसुले हेरी झरेको तल कोल्पूको ओराली!
'नछाड' भनी उठेको हात गलाको खसाली!

(७)

साथीले सोध्यो आँखामा हेरी, 'खुर्सानी दलेका!
दुःखको ज्वाला बनेर लाल भएर फुलेका!'
साथीले सोध्यो, रोएर गइन् पो आज राति क्या?
पीर्तिको वजन परे पो जस्तो गर्‍हुँ छ छाती क्या?
हलुङ्गा हामी के बुभ्छौँ हरे! छातीको तम्रो पीर!
मिर्गका आँखा लागेका जस्ता गर्‍हुँ छ तम्रो शिर!
लालपाते मुटु चटक्क चुँडी धावामा जानु छ।
दिल दुख्तो होला ढुक्कुरको तम्रो!
पीर्तिको शर! हा कठैबरा! नदेख्ने सानु छ।'

(८)

घर मेरो भन्छ, विरही गोरे, 'कोल्पूको कलकल तीर,
माथिको झिल्टुङ् डाँडाको पीप्पल, घारीको तारे भीर।
बैँसको धनु फूलको बाण मुटुको चिरा छ,
कोल्पूको तीर पखेटा ढल्काई बसेको चरा छ।

(९)

पहाडकी फूल, पालुवा ओठे कोल्पूकी सुवास!
गुलाफ झाँगे तीरमा बस्छिन् बैँसकी मिठास!

पर्वतको कालो भँवरे आँखा देख्दैनन् अरू फूल ?
जसको छाती कलिलो जाति स्वर्गकी रङ्ग बलेकी बत्ती
बहाडमा भिजी मूल !

(१०)

तिनको मुस्कान बसेको देखेँ नेपालको धररा,
तिनको मन कोरेर बतास चल्दछ हरर।
तिनको जीवन हरियो बनी भर्दछ नेपाल,
तिनको रोगन चढ्दछ चुली चुचुरे हिमाल।
वनकी तिनी शीतल छाया पहाडकी मोहिनी,
बिहाको मैना बिजोगको ऐना बन्दछ जीवनी'

(११)

'हलुङ्गा हामी न ज्यानको माया न घरका उज्याला,
काल आए मलाई लिएर जाला,
ज्यान दिई तम्रो, बचाउँला ज्यान,
पीर्तिका दियाला।
नमान चिन्ता, नमान सुर्ता, अबीर लावामा,
फर्काउने भारा मेरो भो साथी ! पहाडी हावामा।'

(१२)

रसाई आँखा भन्दछ फेरि मानवीर गुरूङ,
अकेला भई बन्दछ अझ कर्मको भुरूङ।
'तिमीलाई छेक्न' छातीको गोली यो छाती चढाउँला,
नमान सुर्ता नमान चिन्ता म ज्यान चढाउँला !
साथी ! म ज्यान चढाउँला।'

(१३)

पल्टन हिँड्यो नजर भरी चित्लाङ्को ओराली,
कल्की है देखि खुकुरीसम्म सम्फना उठी आँखामा डम्म,
नजरको धूलो, अज्ञानको फूलो आँसुले पखाली।
चित्लाङ्को ओराली।

(१४)

गारेले देख्यो बाटामा खालि कुञ्जिनी फलल,
बादलको टुक्रे छाया फैँ पछि लागेको शीतल।
चुल्ठो फैँ उनको नागबेली बाटो घुम्दथ्यो फनन,
दायाँ र बायाँ उनकै छाया नाच्दथ्यो भनन।
सियाले केश पर्वतमा फुके मधुरो छाया ली,
विरह-बादल तिनमा हेर्थे गहिरो माया ली।

# गोरे हिन्दूस्तान गयो, अब फर्कदैन भन्ने डरले कुञ्जिनीको बाबुले छोरीलाई ऊसँग बिहा नगर भन्दछ

(१)

'ए कान्छी ! कान्छी ! त कस्तो मान्छे ! लडाइँले तानेको,
छातीमा गोली वर्षिने चरो, फर्केर फेरि आउन्न बरो,
भन्ने यो मेरो अठोटको कुरो, किन नमानेको ?

(२)

बादल झैँ बन्छेस् बादल झैँ रुन्छेस्,
विरह नीली, झलीली, अँधेरी रातमा।
आँसुका दाना बर्बरी झारी बैँसका पातमा।

(३)

एक चरो उड्छ, एक हिउँद रुन्छे आँपकी मञ्जरी,
परेवी पनि दिल बुझाइ बस्छे, गुँड खोज्छे वनचरी।

(४)

गएको लहर फर्कन्न बाबै ! चुहेको पसिना,
उडेको चरो फर्कन्न बाबै ! गोलीको असिना।

(५)

उम्केको दिनलाई, सुनपङ्खे भनी रोएर आउँदैन !
हिमालको चुली सुन-सुन बिजुली, सधैँलाई छाउँदैन,
वसन्त बोले कोयली चरी सधैँलाई गाउँदैन ।
ए कान्छी ! कान्छी ! तँ कस्तो मान्छे ! अगाडि देखेर,
काल झैँ कालो धागोको बाटो तँ रुन्छेस्, के भनेर,
बाबुको वचन बचाउन खोज्छ तँलाई छेकेर ।

(६)

बिहानीपख ओर्ले झैँ ओर्लिस् झिल्टुङ्का डाँडामा,
गुलाबी जीवन बेकारमा किन अल्झिन्छेस् काँढामा ।

(७)

लखन लेप्टेन पहाडको ठालू छेलो र खेलो छ,
उसको छोरो सेते छ राम्रो,
ऊसँग बिहा मिलाउने हाम्रो,
मनको मेलो छ ।

(८)

असारको पन्ध्र असारे जस्ती बर्बर झरेर,
बदली मुहार नमिल्ने पुकार के काम रोएर ?

(९)

ए कान्छी ! सुन्न, तँ कस्तो मान्छे, ओठको कलेटी,
बाबियो बाँझो बनाई केश,
विरह जस्तो बनाई वेश,

जिद्दीको आसन बनाई बस्छेस् मारेर पलेटी।

(१०)

फार्, बादल मनको, वसन्त वनको, बन् फूल हँसिली,
ताराका साजमा स्वर्गका माझमा, बन् जून रसिली।

(११)

डाँडाको गुलाब हाँसे झैँ हाँस्दे, हिउँदको हावा घामले छास्दे,
कोल्पूको तीरलाई वसन्ती बास्दे अनार दाना बन्।
शीत थोपा छाडी हो मोती लहर, बैँसमा पुऱ्या' रङ्गीलो रहर,
झर्ना झैँ नाची छहर बहर, छाडिदे दुःखी धुन।
लमकोसे हरिण आँखा झैँ झल्की, यी मेरा कुरा सुन्,
नखन् है आफ्ना दाँतले चिहान यी मेरा कुरा गुन्।

(१२)

ए कान्छी! कान्छी! तँ कस्तो मान्छे! हुन्न है हुँदैन,
यो जिद्दी छाडे तँ सप्रिएलिस् नछाडी हुँदैन।'

(१३)

हल्लाई मन्टो हुँदैन भन्दै, उत्तर हावा हिमालको ठण्डा,
वसन्त फूल भै फैलिनुभन्दा मञ्जरी झुप्पा दिल चिसो,
सुरुमा अगाडि बढे झैँ अगाडि।

(१४)

ठालुसिङ् गए गजूरीतिर, आँखाको संसार आँसुले भरी,
आकाश तरफ उचाल्ने गरी, काँढाका मुटु शीतले भरी

हा ! कठैबरी ! कुञ्जिनी परी ! लमकोसे रुलाई !
देखेर कठै ! दिल घुँक्क हुन्छ, आँसुले मलाई !

# कुञ्जिनी भने बाबुको वचनले हृदय विदीर्ण भएर विष खाएर मरूँ भैँ गर्छिन्

(१)

'होली कतै फुलेकी विष विरहिनीहरूकी सँगिनी !
त्यसको होला पहेँलो रङ्ग, साँझ पर्दा मरेको घाम झैँ।
वैलिएका बिजोगका मुहार चन्दनले लिपेर लाने झैँ !
अस्ताएका पीर्तिका जीवन पहेँलपाते झरेर जाने झैँ !
नबोलेर मरेका भाका पत्ती मिलाई कालले छाने झैँ।
बैँस जस्तो हरियो बोटमा आगो फुली विरह झाने झैँ,
सासलाई शीतल पत्ती रस प्रेमी दुःखलाई छाने झैँ,
पृथ्वी माता दयालु बनी छोरी हाम्रा विरह जाने झैँ,
आशालाई पहेँलो अक्षता, दिनलाई वनले माने झैँ।
अघिका पीर्तिहरूका चोट मुर्दा रङ्गमा फुलेर आएर,
हामीहरू पछिका विरहीलाई सम्झे दयाले धाने झैँ।
चिता जस्ती उज्याली विष विरहको आत्मालाई लाने झैँ,
होली कतै फुलेकी विष विरहिनीहरूकी सँगिनी।
निराशलाई गहना राम्री ! काँढा झिक्ने मुटुकी नङिनी।
ल्याइदेऊ न मलाई टिपी वनबाट कालकी बहिनी !

(२)

आज भए पहाड काँढा, आज वन पहेँलो उदास।
आज झर्छन् वैरागी पत्ती अड्न नपाइ हिउँले बतासी।
आज घाम रमाइलो छैन, टुटे सबै जीवनका आधार!
झरूँ-झरूँ गर्दछे जीवन सास बन्छे हिउँको संसार।
खैरो भयो हरियो वन, खायो आज झरेर तुषारो।
करमले काटेको खेतमा, बाँकी जीवन हिउँदको उधारो।
फूलहरू रँगीला गए, पुतलीको पखेटा चढेर।
खुशी गई अबलाई परी, नङ्गा काँढाहरूले भनेर।
बिना पातकी दारिमको बोट, विरह झैँ काँढाले ठिङ्गी छ।
तुषाराले खाएको आँप, रसबिना झरेर नङ्गी छ।
त्रिशूलीको दक्षिणी फन्का बालुवाले चिरेर बङ्गी छ।
घाम न्यानो खोज्ने गौँथली चरी कठैबरा! गइछ परदेश!
भन्न थियो त्यसलाई केही हृदयमा रुझेको सन्देश।
कोल्पू आज सुकेर गइन् रसबिनु ढुङ्गाको जीवन!
हाँगामाथि रहेकी चरी आज झोक्री झुकेर बोल्दिन!
बाधा फुङ्ग उडेको जीवन आधा डुबी चिहानमा तुषार।
ल्याइदेऊ मलाई टिपी पहेँली त्यो हिउँकी सुषार।

(३)

आज खान्न परीले पानी, आज चारा भँगेरी टिप्दिन।
अबलाई थोरै छ दिन वैलिएको संसारमा टिक्दिन।
अबलाई फुलेर चाँदी आशोपले पहाड लिप्दिन।
अबलाई कोइली चरी मन चोरी सोधेर छिप्दिन।
अबलाई वसन्ती परी काँढालाई फूलले छोप्दिन।
चढी आउलान् माघका झरी मरिसकी कुञ्जिनी भनेर।
टाँग्न मन नभए बिजोग टिपिदेऊ दयालु बनेर।

आज राति काँप्नेछन् तारा स्वर्ग भरी चिसोले छोएर।
आज राति काँप्नेछन् तारा कुञ्जिनी यो डग्छे कि भनेर।
काल आउला हजारबार, वन खाने तुषारो बनेर।
कोल्पूका छोरी होवैनन् झूटा काल बिजोग संसार भनेर।
दयालु दिलकी सानीमा! मलाई भुङ्ग्रो भयो भित्रको जीवन।
दयालु भए पहेँली विष विरहकी सँगिनी टिप न।

(४)

ढुक्कुरले गऱ्यो बिहानै गाली आँखा खोली कुञ्जिनी भनेर।
अँधेरीको गुफामा काल तारामनि बसेथ्यो लुकेर।
आज राति छाया है नाचे आउँछन् पो लैजान भनेर।
चीसो फेऱ्यो तुषारे सास कालले आज कुखुरा-बासीमा।
तल ओल्र्यो कुइरे टुक्रो लेखबाट झरेर ब्याँसीमा।
आज रोई बिहानै लहरा फूल झरी बनेकी वैरागी।
आज मरी चुलीमा रात आँसु यौटा उज्यालो दी डाकी।
आज मैले सपना देखेँ बिहा गर्ने हरियो बाँसलाई।
आज आँखा ठुलुटुली हेर्थे मूर्छा थियो रातिमा साससलाई।
आज बिनुबादलका छाया मधुरोले दिनलाई ढाक्दछ।
आज ढल्की झर्दछ दिन, अस्ताचलले मलाई माग्दछ।
आज जीवन कोल्पूको शिर झैँ लहरीमा रोएर चलेको,
कसले देख्यो विरही वन भित्र-भित्रै पुतपुत जलेको।
आज मलाई दुईचार थोपा, आज मलाई दयाको वचन।
आज मलाई गणेशको जल, आज मलाई कठै नि! भन न।
आज मलाई एक थोपा झारी पहेँली त्यो उज्याली फूलमा,
वनबाट टिपेर ल्याइद्यौ सुत्न देऊ सितारे फूलमा।
भोलि मलाई अभागी भन्लान् रहिछ भन्लान् दुःखकी बहिनी!

होली कतै फुलेकी विष विरहिनीहरूकी सँगिनी।

(५)

आँखा खोल्दा मनमा पोलो, सम्झी बसे विरही खोलो छ,
कठैबरा! चिन्ताले चरचर कीरा लाग्ने रेशमी चोलो छ।
आधा यता इन्द्रेनी धनु, आधा सधैँ रहन्छ उसपारि,
वसन्तको पुतली जीवन उडिजान्छ एक छिन सिँगारी।
पीर्ति बस्छ ढुक्कुरको गुँडमा छाती भुवा बिछ्यौना न्यानुमा,
हामी खालि चाख्नलाई आयौँ भोकै रुँदै उसपारि जानुमा।
सच्चालाई संसार छैन सुनको पानी खारिने चिता हो,
बाटो हेर संसारको लामो नागबेली विशाल फिता हो।
आँखा हाम्रा रसाउन आए दुई बोटका दुई राता गुराँस,
आशा हाम्रा दारिमका मुना माटो हुन हिउँदमा उदास।
छोटा हाम्रा लाल ओठे मुस्कान बिहानका गुलाफी बदली,
हर्हर जल्छ अस्ताचल चुली जीवन छ चिताको पुतली।
आखिरलाई अँधेरी खालि स्वर्ग पनि आँसुले झलझल छ,
चिताएको नपुग्ने कठै! हृदय यो सधैँको टलपल छ।
हाम्रा आँखा बोल्दैनन् भाषा जलेकालाई जलै छ बर्बर,
जीवन सबै दुःखका पाना, छाती तह आँसु छन् घर्घर।
आँसु रातको अँधेरी बासा, शीतका दाना पङ्खमा जडेर!
भोलिलाई चुलीको पारि विरहको हावामा उडेर
आजलाई गुँडमा मेरो हजार दाने औँसी नै रही नि!
फुलेकी होली पहेँली विष, टिपी ल्याइदेऊ विरह-सँगिनी!

(६)

संसार-डिलमा झरेर पलक रात जस्तो अँधेरी निद्रामा।

यौटा पात नहिल्ने गरी मूर्छा जस्तो मिर्मिरे चन्द्रमा।
आँसु भरी सम्झना झलझल हिउँ जस्तो सासलाई पारेर।
हृदयको कमलले मेरो पीरतिकी मूर्तिलाई ढाकेर।
झ्याउचीसी शिलाको तकिया कोल्पू नदी बगे झैँ शरीर,
वनमाथि अँधेरी जस्तो केश मेरो झर्ना झैँ शरीर,
वैलाएकी फूलको रोगन हात हाँगा भाँचे झैँ झारेर,
एकदुई थोपा आँखाका शीत वरिपरि हावाका दाना झैँ,
आज मलाई निदाउन देऊ सिताराको फूललाई झारेर,
भन्नू गई संसारको पारि काल आई तिर्खैमा मारेर,
धेरै भयो भुट न सानीमा! कुञ्जिनीले धेरै नै सही नि!
फुलेकी होली पहेँली विष, विरहिनीहरूकी सँगिनी!'

(७)

सच्चा है दिलमा गुलाबी सलमा तापको विरह,
जो फूल भन्छ बास्नाले फुलूँ
हावाले हाल्छ पृथ्वीको धूलो
दुःख है रैछ राजामा ठूलो
आँसु नै खालि शीतल गर्ने
नत्र ता थिए सब फूल मर्ने
त्यसैले होला फूलहरूको रुने कुञ्जिनी सरह।

(८)

को देख्छ कठै! कुञ्जिनी हाम्री राम्रीमा बयानी।
दिलको ताक आशाको खाक भित्रको खरानी;

अर्काले भन्छ सुख दिन्छु तँलाई आफ्नो है बाटोले,
को देख्छ कठै! भित्रको कुरा,
आँखाले पनि नदेख्ने छुरा,
सियोको टुप्पो लागेको दिलमा
फुटेको मुटु! बहेको भलमा आँसुको बाटोले,
हंसले त्यसै छाडेको शरीर, भुटेको माटोले!

## कुञ्जिनीको दयनीय दशा देखेर सानीमा सिन्धु गजुरी पिंडामा बिहा छिन्न गएका बाबुचाहिंलाई बताउन हिंड्छिन्

(१)

नखप्न सकी नदेख्न सकी कुञ्जिनी-विरह।
बादल रुँदा रोएझैँ फूल, कविको फुट्दा विरहमूल,
आँखाका तरह!
ती सिन्धु गइन् गजुरी-पिँडा,
रुझेकी चरी बिजुली देखी
तर्सेकी तरह!

(२)

बाँच्दिनन् हाम्री, कुञ्जिनी राम्री बाबुको जिद्दीले!
के गर्नु हरे! पीर्तिको दिलमा स्वर्गको गद्दीले?
परेवालाई बनाउनु गुँड दिललाई मिचेर,
कसरी बाँच्थिन् अरूको घर,
न टिप्छिन् दाना न लाग्छ कर,
बररर रोएर हेर्छिन् आकाशको किनारा।
रुँदै र रुँदै शरीर खिई,
आँसुकी सानो दाना झैँ भई,
अँधेरी रातको चँदुवामाथि झल्किँदी सितारा।

डाँडा छन् टाढा, वनका काँढा फर्कने बाटोमा।
कसरी फिर्थिन् ती कोल्पू नदी साधारन माटोमा
त्रिशूलीलाई डाकेर रुन्छिन् पहाडको फाटोमा।

(४)

खोलालाई उल्टा फर्काउने बाबु ढिपीका ढड्डी छन्,
ह्वाङ्ग्राङ्ग त्यसै निल्न पो आउँछन् बाघजूँघे जिद्दी छन्।
दुई ढुङ्गाबीचमा घुम्दछ आज, जीवनको भुँवरी,
न यता फर्कूं न उता फर्कूं, मर्छिन् कि बिचरी!

(५)

खँदिलो संसार तर्नेछ बाटो, राजाको पुल हाली,
करमको बाढी साङ्ग्रो छ साँगु, लाग्दछ कहाली।

(६)

गजूरी-पिँडा पश्चिमको डेरा साँझको घेरो छ।
उकालो बाटो करमको हरे! फैसला टेढो छ।

(७)

आजलाई छिन्लान् सेतेको बिहा, दिन छ डाँडामा,
आजलाई छिन्लान् आखिरी पयो, लहरे काँढामा,
टाकुरा छिन्लान् दिनको बाटो, साँझ मर्ली फुटेर,
कालले छिन्ला कुञ्जिनी-जीवन, रात पर्ला टुटेर,
सूर्येको छाती छरर-रर, छर्ला है फुटेर,
रूप र रङ्ग निभ्ला है संसार, भस्भस भुटेर।

(८)

बूढाकी प्राण आखिरी ज्यान आँखाकी नानी छ,
बाबुको बुद्धि, मायाको शुद्धि, तर क्या कानी छ!
दिलको बाटो को देख्ने कठै! आँखामा पानी छ।

# कुञ्जिनीको बिहा लख्खन लेप्टेनको छोरो सेतेसँग छिन्ने काम बहादुर खड्काको घरमा हुन्छ

(१)

लख्खनको घर गजूरी-पिँडा झिँगटी छानाको,
झ्यालमा डण्डी, फलामका मण्डी, छेलो छ खानाको;
पच्चीस भैँसी दुहुना पस्छन्, आहाले तलाउमा,
छब्बीस गोरु खेत है जोत्छन् रुलीको बोलाउमा;
पाकेका अम्बा छन् लटरम्म फलफूलको बगैँचा,
केराको गाछी, आँपको गाछी, ऊनको गलैँचा।
दूध र मही छेलो र खेलो, राजाको मान पाई,
लख्खन लेप्टेन बलियोमाको पहाडको कहलाई।

(२)

बहादुर खड्का नजिकै बस्छन् दुईतले घरमा,
छानामा बुट्टा काट्दछन् भन्थे जङ्गली खरमा,
ढोकामा उनका लहरे बुट्टा, झ्यालमा मुजुर छन्।
माटाको सुन बनाउँथे भन्छन् ठालूका गजुर छन्।

(३)

कानपुरी लामो सत्रन्जा तानी रोगनका कोठामा,

गुलाफ-बुट्टे गलैँचा राखी, बिछ्यौना माटोमा।
कसेर तन्ना आजका लागि, सातहाते नलीमा,
लहराबुट्टे, तमाखु खान्छन् ढ्वाङ्पाते चिलिममा।

(४)

थालीमा निकै अबीर चामल दहीमा बगेको,
ज्योतिषी पण्डित झ्यापुल्ले कान, चिना ली उँगेको।
जैसीले भन्छ, 'अष्टम थानमा शुक्रको दशा छ,
होम नै गरे टरी नै जाला, अरू त खासा छ।'

(५)

ठोकेर मुठी ठालुसिङ् भन्छन्, 'ट्याम्टुम्म मिल्यो है,
सम्धीको अब दर्शन गरे पाउमा खुल्यो है।'
लख्खन लेप्टेन हाँसेर भन्छ, 'छिन्ने कि आजै नि?'
ठालुसिङ् भन्छन्, 'ट्याम्टुम्म भैगो, केको र लाजै नि!'

(६)

जैसीको निधार, दुई हातले टिपी अक्षता अबीर,
सिँगार्न लागे ठालुसिङ् तब, बीच-बीचमा थपेर;
भीमसेन-पाती चढाई शिरमा दक्षिणा टक्र्याए,
सम्धीको पाउमा दर्शन गरी मोहर पक्राए।

(७)

आइन् है कान्छी, विधवा मान्छे धूलोले मैली भै,
ठालुसिङ् भन्छन्, 'के खान आइस् यसरी कैली भै?'
छिनेको देखी बिहा ती भन्छिन् अपसोच गरेर –

'बिहा त छोरी गर्दिनँ भन्छिन् मसँग रोएर।'

(८)

'हट् जाजा! ग्वाङ्ग्री बुद्धिकी च्याङ्ग्री बिथोल्न आउँछेस्;
छिनेको बिहा देखिनस् तैँले? बख्खुमा कराउँछेस्;
बोलिस् है भने तँलाई फेरि झटारो हानौँला,
त्यो बूढी-कन्या भएर बस्छे भन्ने के मानौँला?'

(९)

'ईश्वरको भक्त भएर मर्छु संसार हेर्दिनँ,
भन्दछिन् छोरी, दुई आँखा भरी, बिहा त गर्दिनँ।'
'क्वै भन्छ लाटी! म बिहा गर्छु? के छाँटकी मान्छे हो!
आशक छैन, ईशक छैन; बेकारकी रन्चे हो।
हिँङ्-हिँङ् है बाबै! के काममा आइस्? बिदा म हुन्छु त।
यस साल फागुन हुने भो बिहा पछिलाई भन्छु त!'
ठालुसिङ् गए ह्वाङ्ग्राङ्ग गर्दै सिन्धुलाई झपारी,
मिजाज देखी लख्खन हाँस्यो सुनदन्ते स्वाङ् पारी।

# विवाह हुने कुरा बुझेर कुञ्जिनीको कलेजा छियाछिया हुन्छ

(१)

सानीमा सिन्धु, दुःखकी बन्धु संसार बिरानो,
छोरीका जात, आँसुका पात इतिहास पुरानो।
छातीकी प्राण पहाड पारि जीवन भारी छ,
चरा र फुल उडेको कठै! काँढाको बारी छ।
पहाडबाट रसाई पानी गाउँले पिउँदछन्,
पोल्टाको आँसु घुट्काले नारी संसारमा जिउँदछन्।
चिरेर दाँड पलाउँछ फर्सी, पहाडका फाटामा,
सधैँका घाउमा बग्दछन् खोला आँसुका बाटामा।
पहेँला पत्ती झरेका रूखलाई हरियो वसन्त,
मानिसको दिललाई झरेर आशा जीवन यो अनन्त।
काँचुली फेर्छन् सर्पले ज्यूँदै विषालु हुनाले,
नमरी जान्न मानिसको चोला बिजोगले छुनाले।
सिरिरि गर्दै शिशिरे बतास काँठमा झर्दछ,
मुटुमा प्राण उमेर काँढा बिजोगमा मर्दछ।
आशाले दिन्छे अँगालो हिमाल डुब्नलाई तयार,
अँधेरी झर्छे जलेर आखिर दिनको पुछार।
परेवी खान्न व्याधाको चारा तिर्खाले मर्दछे,
ढुक्कुरकी पोथी मरेर जान सँगैमा पर्दछे।

बास्नाले लिन्छे फूलको छाती बत्ती झैँ बलेर,
अर्पेर जान्छे मात्राले प्राण पत्तीमा ठरेर।
ओठमा बस्छे जीवनकी लाली सँग हुन खरानी,
छाया नै लाग्छे मूर्तिका पिछा बस् भने नमानी।
कोयली लाग्छे वसन्त पछि, पालुवा फागुनकी,
एकली हुँदा चीसो भै जान्छ घाम नै आँगनकी।
चन्द्रमा पछि लाग्दछिन् सधैँ स्वर्गमा रेवती,
सच्चा छ भने छुट्दैन भन्छन् उसपारि पीरति।

(२)

उचालिन् राम्रा बोल्लान् झैँ आँखा रसिला उज्याला,
साउनका बादलमनिका जल झैँ काला र उज्याला।
निदाउँदी रातकी कोयली प्रश्न मधुरो बोले झैँ,
लहर यसो कोल्पूकी फर्की पहाडमा हेरे झैँ।
निशाकी चरी, ती कठैबरी!
आखिर नजर आशा थोरै राखी आँसुले भरे झैँ।

(३)

सिन्धुका आँखा आँखालाई देखी रसाए सरर!
बोलिनन् सिन्धु, बोलिनन् इन्दु, दुई भए बरर।

(४)

सिन्धुले हालिन् अँगालो भ्वाम्म घुँक्का नै नथामी।
गलामा गला मिलेर रोए आँसु नै नथामी;
ती दुःखी दुई प्राणी!
बोलिनन् सिन्धु, बोलिनन् इन्दु, वाह भइन् बिरामी!

छातीको छाती बिस्सासी जाँदा बिजोगले हरामी!

(५)

आखिरमा फुटिन् टुटेकी भाषा चिरिई-चिरिई,
पुछेर आँसु, फर्फराई ओठ, भरिई-भरिई।

(६)

सिन्धुले बोलिन् पहिलोबाजि, 'विरही वन-चरी!
छातीको काँढा पखेटामनि लुकेकी विचरी।

(७)

पुछेर आँखा पाएर भाषा, भन्दछिन् सिन्धुले,
'छिनियो बिहा हिजो नै छोरी! दृक् चिम्लिन् इन्दुले।
जसरी कोही व्याधाको हातको बहाई आँखामा,
ढकनी ओर्ली दुःख मुजा पर्छन् नबोल्ने भाषामा।

(८)

कुइरीमण्डल झरीकी खाल्डी हेर्दा झैँ चुचुरा,
बादलको कालो चादरछेउ आखिरकी टाकुरा।
रेशम झर्ना भँवरा पङ्खी गोल शिरलाई हेरेर,
दुई कुना खोँचमा गिराउँछन् पानी नबोले झरेर।

# बजिरिस्तानमा पठानसँग गोर्खालीको जम्काभेट हुन्छ र गोरे घाइते हुन्छ

(१)

गोर्खालीको डरले पर, धेरै दिन पठान हरायो,
जस्तो बाघ भरिई आउँदा, वन छोडी भाग्दछ जरायो।

(२)

एक-दुई फाटफुटे पठान ऊँटलाई पिलाउँथे धारामा,
हतियारबिनुको थाङ्ना भनी लाग्थे गोर्खाली तारामा,
जस्तो सीँगबिनाका बच्चा सिंहहरू छुँदैनन् आरामा।
तर तिनको इशारा रै'छ, पहाडमा लुकेका सारामा,
जस्तो ब्वाँसो छरिई चेवा पुच्छर लुकाई गर्दछ आहारामा!

(३)

घुम्दै गए नेपाली रमन पहाड र वनको किनार,
जस्तो हिँड्छन् जङ्गलमा बाघ डरबिना आफ्ना नै सहारा।

(४)

मिर्मिरेले छोपेको वन, पठान रै'छ वैरन तयार
पच्चीस जवान जङ्गली जन्तु राति छापा मार्नका मनसार।

जस्तो गर्छन् हुँडार जाति नजिकैको गाउँको किनार !

(५)

जम्काभेट हुनगो राति अर्ना यता, उताका हुँडार,
थोरै देखी 'धर हात' भन्यो नचिनेर वीरका जुहार !

(६)

जस्तो आउँदा सलह लश्कर चील हाँक्छन् आनन्द लिएर,
यस्तै गरी गोर्खाली वीरले हाँके पठान निर्भय भएर।

(७)

घेरी ल्याए पठानले सारा तीखा भाला नजिकै पारेर,
गोरे उफ्र्यो खुकुरी नचाई 'काली माई' को नाउँले फारेर।

(८)

जस्तो उफ्री चितुवा नाघ्छ लामादाह्रे हात्तीको घेरामा'
दाह्रा देखाई गर्जना गरी,
तर्साई मत्ता अजङ्को ठूलो चिरा पारी चारखुट्टे फेरामा।

(९)

मानवीर गुरुङ लाग्यो है पछि घेरा काट्ने माउको बच्चो भैँ;
मिर्मिरेमा पठानले हेर्‍यो,
आँखा तान्दै टाउको उफ्र्यो गर्धनको सारै नै कच्चो भैँ।

(१०)

गोर्खाली आँखा बाघका जस्ता, पठान सबै छन् रतन्धा,

तीन उफ्रे गोरेको सिको, पठानको छुटिगो सब फन्दा।

(११)

खुकुरी गर्थ्यो झल्याक झिलिक बिजुली झैँ अँधेरी बादलमा,
पठान देख्थे बिजुली हुन्थ्यो रातो वर्षा जीवनको सब जलमा।

(१२)

भालाका टुप्पा बन्दथे ठुटा झिलिक्क भै एक छिटो मिलिकमा,
अँध्याराबाट छलुवा भूत झैँ हान्थे छिटा गोर्खाली झिलिकमा।

(१३)

पठान हान्थे रूखलाई काला, गोर्खालीले पठानका गर्धनमा,
पहाडका जोशिला छोरा चुक्थे कहाँ वीरको मर्दनमा।

(१४)

गोरेले ल्यायो बोकेर साथी चढ्यो यौटा रूखको हाँगामा,
जति आउँथे पठान तल टुक्रा पार्थ्यो छुरा झैँ धागामा।

(१५)

सात पठान रूखको फेदमा हाँगा-हाँगा नाचेर काटेर,
गोरे बस्यो मानवीरको छेउ मर्द वीरको लडाइँ पाटेर।

(१६)

'दाजुभाइ बसेझैँ बस्यौँ मिली हामी नङमासु बनेर,
कठै! लाग्यो तिमीलाई घाउ! ठूलो चोट पर्‍यो कि भनेर
गलिआयो मासु नै मेरो तिम्रो प्राण घुरेको सुनेर।'

(१७)

'धेरै छैन अबलाई सँगी ! दुई चरी बसेथ्यौँ हाँगामा,
यौटी चरी उडेर जाली, आर्की जाली पहाडी हावामा ।
घर पुगे भन्दिए सँगी ! पीरतिकी बत्तीलाई सुनाई !
कस्ता हामी नङमासु थियौँ कति छाती खोलेर देखाई
बिहा तिम्रो हेरुँला भन्दा परदेशमा दुश्मनको मार खाई,
आँसु दोटा गिराई गयो मानवीर गुरुङ् भनेर उनलाई ।'

(१८)

कुरा गर्दै दुश्मनले हान्यो अदृश्यमा लमचोसे भालाले,
कोखमा लागी गोरे पो लड्यो कठैबरा ! कर्मको चालाले ।

(१९)

दुई आए गोर्खाली त्यहाँ पठानलाई दुईतिर झम्टेर,
तीन टुक्रा भएर मऱ्यो निठुरी त्यो दुश्मन घोप्टेर ।

(२०)

उठाई बोके गोरेलाई काँध गोरे भन्छ 'मलाई छाडेर,
हाँगामाथि रहेको साथी बोकी लैजाऊ म आउँछु हिँडेर ।'

(२१)

त्यसै बेला दुई जना पठान दुईतिर छुटेर आएर,
सिंहवीरलाई भालाले मारे बलभद्र घाइते पारेर ।

(२२)

गोरे उफ्र्यो खुकुरी लिई, यौटा पठान गिँडेर वर्लन,
आर्को पठान कुर्कुच्चा ठोक्यो देखी त्यसको सिंहको गर्जन।

(२३)

भाग्दै थियो पठान बीचमा अमरवीरले त्यसलाई छप्काए,
अब आए गोर्खाली वीर जुटे जस्ले दुश्मन दप्काए।

(२४)

गोरेले हाल्यो मानवीर काँध, अमरवीरले बलभद्र उठाए,
दुई जना मिलेर घुम्दै छाउनीको तरफ ती आए।

# बजिरिस्तानमा अस्पतालमा गोरे र मानवीर गुरुङ दुई घाइते साथी नेपाल सम्झन्छन्, गोरे कुञ्जिनीलाई सम्झेर भन्छन्

(१)

घाइते थिए सिपाही कोही उत्तर-पश्चिम भारतको सीमाना,
साथी थियो अस्पताल जहाँ, परदेश दृश्यमा बिराना।

(२)

कालसँग लडाइँ गर्थे, मिर्ग जस्तो दुश्मनलाई पछारी,
आज तिनै घाइते बाघ झैँ गुफाभित्र लडेका पसारी।

(३)

सिंह जस्ता गर्जन्थे जो ती हुङ्कारले पहरा थर्काई,
हिमालको पहाडी बच्चा!
आज तिनलाई बालक झैँ पथ्र्यो दिनु अरूले हातले फर्काई।

(४)

परदेशको बिरानु हावा पहाड वन सम्झन्थे झल्झल,
नेपालका दुधालु झर्ना हिमालका चुचुरा झलल।

(५)

नीला नरम औँठी झैँ डाँडा, नेपाल खाल्डो हरियो सारीमा,
बीच-बीचमा नागबेली चुनरी फूलबुट्टे लहरे पारीमा।
नेपाल डाँडा नीरका औँठी वसन्तको वनको बिहामा,
जङ्गलको हरियो सास ढुक्कुर-कण्ठ कुर्लनको राहामा।
हावा झुल्ने लहरे पीङ पन्ना हरा बनेको पीरति,
दिल-दिल जुहारी कुर्लन, अप्सराका उज्याला मूरति।
आँखा रुझी छाडेका गला वन रुँदी हँसिया हात परी,
लामा घाँस चर्चर काटी हरिन-कोसे-आँखामा जल भरी।
लह-लह असारका हातमा रेशम-बुट्टा धानका आँकुरा,
झरझर माथि गाउने बादल तल गुँज्दा जुहारी टाकुरा।
जौका रेशम पहेँला मुना रङ्गीचङ्गी पोशाकमा उठेर,
दशैँ-देवी डमरुसँग, तलमाथि डुलेकी उठेर।
कम्मर भाँच्ने पहाडी गाना हाँगे हातले हावालाई फाएर,
मोती दाने पल्लव मसिनो स्वरले चरा जितेर गाएर।

(६)

चारकुने टुँडिखेल मैदान, हरियोले हिउँदलाई गिज्याउने,
डबल लहर रूखमा बिजुली, झिलमिल गरी उज्यालो फैलाउने।
सिँगारेका घण्टाको घर डब्बल भई जलमा परेर,
दिनको घडी कास जिभ्रे स्वरले, पोखरीमा डुबेर गीत गाउने।
मौरी कोठे लहर इस्कुल, पानी दरबार बनेर जलमा,
परी शहरहरूका घर झैँ नबुझिने स्वरमा गीत गाउने।
हात्तीमाथि कसेको हौदा कल्कीलाई शहर घुमेर,
झ्याललाई सिँगारी भारी इन्द्रजात्रा देवलमा रङरङ;
पहाडका फूलपरी फुलाउने।
मदिसेको लगाई ताँती शिवरात्रि आकाशलाई थर्काउने,

पहाड-पहाड बोलाई सारा गुफा-गुफा पहरा गर्जाउने।
जात्रा राम्रो टुँडिखेल बीच घोडा चढी कुदेको कटट,
जित-हारको लहरे सनसन लाल आँखा आवाजको घन्घन।
बाइपङ्खे फिँजमुखे घोडा धर्ती थर्काइ कुलेलम् पटट,
टाँगन, अरबी वैला र टट्टु बारलाई कस्तो नाघेको फटट।
कुस्ती खेल्ने भीमसेनसँग गटिल मटिल सिंह झैँ घनघोर,
फटके नाघ्ने बलिया खण्ड फाउर शिकार, कुदेको कमजोर।
घूँ-घूँ-भूँ-भूँ बिगुलको बाजा ढोलकहरू बजेका ढर्ढम्म,
घोडा चढी कुदेको जात्रा, महाङ्कालका देवल थानसम्म।

(७)

फूलपाती लहरे बढाइँ चारकुने बन्दुकको लामवाला,
दशैँ-देवी समरकी काली लाल जिभ्रे गर्जे झैँ मेधवाला।
मुस्ले धूँवा घुमाउँदी फनफन काला केश झैँ भुइँसम्म झारेर,
आँखाबाट तोप गोले ज्वाला बिजुली झैँ झिलिक्क पारेर।
पहाडका जरालाई थर-थर, घर-घर थर्काइ घनन,
गौरीशङ्कर चुचुरासम्म शिवजीलाई आतस दी भनन।
गुलाफमुखे झर्नालु डाँडा, जहान-जहान घरर थर्काई,
पश्चिम बोल्दा पूर्वलाई गर्जाई, अजङ् हिमाल संसार नै थर्काई।
प्याला उनको मदिरा प्याला झलझल काँप्दी रानीको पोखरी,
टोटा बन्दुकहरूको पाउजेब हात भरी जङ्जङ्गी खुकुरी।
दुश्मनलाई तर्साउने गर्जन, दम्का जाने पृथिवी छातीमा,
बूढा हाम्रा नीलकण्ठ आई थाम्नुपर्ने सुतेर दिनभरि।

(८)

हाँसोलाग्दो रमाइलो जात्रा गाईजात्रा ठट्यौलो शहरको,

मकैजुँघे कप्तान कालो जात्राहरू सबैको रहरको।
नक्कलको सिपालु प्रतिभा बत्तीसदन्त कौडी झैँ हँसाउने,
नाचगानहरूको राजा, रमाइलो दिन देशमा घुमाउने।
जसको गला खुर्सानी माला, जसको शिरमा टोपको सिँगार,
वर्ष दिनको हाँसोको मालिक, खोजी हिँड्ने धुवाँसो, अँगार।

(९)

छङ्छङ् छाँगे छहरे डाँडा छिरबिर पङ्खी बादलका वनचरा,
ढुङ्गालाई तरङ्ग पार्ने झिलमिल झिलमिल लहरका लहरा।
खरछाने जुनेली घर ढुङ्गामाथि गोबरले लिपेका,
दूबो चउर चौतारामनि, कम्मर भाँची नाचेर उफ्रेका।
न्याना-न्याना भुवालु जन्तु, बादल भुवा घामले न्याना झैँ,
पाठालाई च्यापेका राम्रा परीहरू पहाडका गाना झैँ।
कराली र भिराली बारी, केराघारी फलफूलका बगैँचा,
फापर फूलका सिँगार बारी, खर्क चउर जलतीरका गलैँचा।
शीतल स्वर्ग वनको सुन्दर वन-सुपारी टिपेर खाएका,
सहनका सज्जन गोरु कहाँ जमिन कोर्नलाई लाएका।
बिहानी नै पखमा हाँगा झ्यालनेर छानेर बसेकी,
सपनाकी देशकी धोबिनी, स्वर्ग झलझलबाट झैँ खसेकी।
मीठो नरम ढुक्कुरे बैँस हरियोमा फुलेर गाएको,
जुहारीमा रसिला दिन आफ्ना परी जितेर पाएको।
सम्झी सारा घर र वन पहाडका रमाइला मिठास,
कुराकानी गरेर बस्थे आँखा-आँखा रसाई उदास।
परदेशको बिरानु हावा पहाड वन सम्झन्थे झल्झल,
घर हुन्छ परको स्वर्ग आँखा-आँखा सम्झना भरिई;
मुटु सर्सर भरेर टल्पल।

(१०)

मानवीर गुरुङ पलाउँदै आयो गोरे राहुत वैलाउँदै गएर,
बलभद्र सिलटिमुर खाए अमरवीरको गलामा रोएर।

(११)

भाला थियो गडेको गहिरो दुश्मनको गोरेको कोखामा,
कठैबरी! लमचोसे भाला, पठान आत्मा नरक जाला;
पारिस् हरे! प्रेमीलाई धोकामा।

(१२)

घाइते भई सिंहको बच्चो सिंह गर्जन गरेर उफ्रेर,
पठानलाई गिँडेर टुक्रा मानवीरलाई आएथ्यो बोकेर।
तर आज मानवीर छ ताजा गोरे कठै! खस्किँदो हाला छ,
सबै भालामध्येको तीखो विरहले सम्झेको भाला छ।

(१३)

झल्झल देख्छ कोल्पूको रङ्ग गुलाफ झाँगे तीरमा फुलेको,
झल्झल देख्छ पहाडी जून, अमृत जस्तो मुस्केर मीठो;
स्वर्गलाई उघारी खुलेको!

(१४)

देख्छ आज सपना गोरे कुञ्जिनीलाई घाटमा लगेको,
आखिरीको त्रिशूली घाट आखिरको लमकोसे आँखा;
वैलिएको फूलको मुहार माथि केही नबोली बगेको।

(१५)

घोप्टो परी ऊ रुन लाग्दा गोरे बिउँझ्यो झल्याँस्स भएर,
सपनामै सँगसँगै मरी पहाडको लहरे घरमा।
शीतल बास्नाहरूको घरमा, किन बस्न गइनँ भनी;
आँखा भरी गरेर रोएर।

(१६)

मानवीर गुरुङ 'नरोऊ' भन्छ, कठैबरी! कल्पिने पखेरु,
आँखा लगाई रसिलो रातो, कपाललाई हातले मुसारी,
कठैबरी! परदेशी पङ्ख पङ्खमनि सर बिझी झरेको!
मुटु कस्तो टन्कँदो होला! कठै पीर्ति-गाँठो झैँ परेको,
'नरो मेरो नबिर्सी सक्नु सँगी! निठुर दशाले छेडेको।'

(१७)

'देऊ मलाई एक घुट्को पानी, देऊ मलाई पशुपति-पर्साद,
तुना सारा फुकाइदेऊ आँखा मेरो हेरेर लेऊ याद।
रात निक्कै अगाडि बढ्यो आज कोई अँधेरी पखेटा,
आज मलाई बोलाउने सपना! दुख्न छोड्यो घाउको सब याद,
खालि छाती जले झैँ प्राण, खालि यौटा पखेरु तयार,
धेरै छैन सासको घडी, देखेँ आज पीर्तिको मुहार!'

(१८)

'अलि केही तङ्ग्र न सँगी! अलि केही बल गरी चढ न,
पहाडमा नफर्की त्यसै परदेशमा मर्दिनँ भन न।
पशुपतिलाई सम्झन सँगी! जिउनु यौटा भुङ्ग्रो र भूटो हो,
लडाइँका बहादुर सँगी! एक बाजी काललाई हुँक्का दी;

हाम्रा आँखा हेरेर सँगी ! गर्माऊ न त्यसै खस्कन
हाम्रा छाती घुँक्कन तयार त्यसै खस्की सेलाउन्न भन न।
कालभैरव बत्ती ता सम्झ, काललाई पन्साइदेऊ न।
पीरतिको मुटुको गाँठो चुँडिएको सम्झ त जीवन।'

(१९)

गोरे भन्छ पिल्पिले आँखा, गोरे भन्छ पिल्पिले नजर,
'जरा मेरो उखेलिसकेँ बल गरी अघिको पहर।
अब छैन नशामा आगो, अब छैन मुटुमा धड्कन,
अब सास सेलाइजाला रात मूर्छा बनेर बगर।
तुना अब फुकाइदेऊ सँगी ! हेर मेरा पानीका नजर।'

(२०)

तकियालाई नरम पारी कोशलाई हलुका मुसारी
घुँक्क-घुँक्क रोकेर मानवीर आँसु पुस्छ बर्बर फर्की;
निराशको देखेर बिमारी।

(२१)

'भूल गर्छन् यमले सँगी ! अघि बाटो गएर फर्कन्छन्,
त्यस्तो निठ्ठुर ईश्वर होला ? त्यसो भए यी तारा घर्कन्छन्।'

(२२)

गोरे भन्छ कमजोर स्वरले निदाउन तयार बालक झैँ,
'पुनसको करमको गति पहाडका छाती त चर्कन्छन्।

(२३)

जानुपर्ने पौवाली जीवन घुम्नुपर्ने हावाको लहर।
हामी हिँड्छौं बिलौना गर्दै, परदेशी यात्रामा फिर्दै,
बगैँचामा फुलेका बैँस छाती भरी आँसुका लुर्कन छन्।'

(२४)

'हामी तिमलाई सम्झौँला सँगी! आँखा हाम्रा जलले रसाई!
केही कुरा त्यन्नु छ भने, सुम्पिदेऊ पछिलाई मलाई।'

(२५)

गोरे भन्छ अडेर बीच धारा जलको सुकेर झरे झैँ,
मुर्दा रातमा पात चाल्ने हावा सेलाएर मधुरो भरे झैँ।
'घर मेरो कोल्पूमा सँगी! एक टुक्रा केश काटी राखेर,
मेरो चिनो बगाइदेऊ भन्नू कुञ्जिनीलाई एकान्त डाकेर।
सिंहसरि गर्जेर उफ्री दश दुश्मन हातले गिँडेर।
आखिर घाउ लागेको कोखो मनको पुग्न नपाई धोको;
गयौ तिमी सपना देखी स्वर्गतिर आँसुले हेरेर।'

(२६)

मानवीर भन्छ नरोक्न सक्ता एक घुँक्का लिएर उसलाई,
'सबै कुरा सुनाउँला सँगी! मन ढुक्क पारेर शीतल ह्वौ,
दक्षिणकाली बुझाउँला पूजा तिमी बाँचे अक्षता यति छोऊ।'

(२७)

'पूजा गर्नु पर्दैन सँगी! आफैँलाई जानेछु चढाई।
घरमा थियो चुल्बुले पाठो मेरो भेटी कुञ्जिनीलाई;
सधैँ पाली सम्झन मलाई!'

(२८)

'बूढा बाजे फुलेका सेतै पाउमा मेरो पाउलागी भन्दिनू,
सानु बाबु सम्झे है भन्दै चिनो मेरो खुकुरी सुम्पिनू।'

(२९)

'सिन्धु कठै! सानीमा रुन्थिन्' यति भन्दै के भयो उसलाई,
यति भन्दै झसङ्ग झस्क्यो बरा! गोरे खस झैँ सपनामा,
'कुञ्जि...कुञ्जि ...' बोलेर गयो कम्प उठी बगेर कुनामा।

(३०)

मानवीरले अँगालो हाल्यो सँगी, सँगी! भनेर रोएर,
सबै रोए वीरको आखिर सच्चा कुरा उसले फोएर।

# बिहाको दिनको घटना (क)

(१)

'आज सारा बिहाको रिमझिम आज सारा देश नै रमाइलो,
बटार न कसार माहिली, बुलाकीलाई हल्लाई रमाइलो।
हाल सिन्धु सानीमा सेल कट्कट् पारी ताइताप्के घीउको।
मल शिम्भु आलुको अचार, खुर्सानीको सिङ्गार बीउको,
साहिँली नानी दन्यौरा हाल सग्ला सग्ला पारेर सलक्क,
कान्छी नानी कपाल कोर ऐना हेरी तेलले टलक्क।
सानी माइज्यू झ्यालमा जाऊ झल्क सारा आँखामा रलक्क,
लाली लिई शरमको फर्क मैना नानी बढेकी हलक्क।

(२)

झिल्के दमाईं आँगनमा नाची हाउभाउ लाएर फुक बाजा,
आँखालाई उडिल्लो पारी गाला फुकाई देखाउन तमाशा।

(३)

ठालुसिङ्का दाढीमा आज लगाइदेऊ न रमाइलो अबीर,
जन्ती आउने बेला त भयो गर्ने छैनन् आजलाई अबेर।

(४)

सिँगारिदिए दुलहीलाई राम्रो कान्तीपुरी रेशमी सारीमा',
न तिनी रोइन् न तिनी हाँसिन् टोह्लाई हेरिन् लहरे पारीमा।

(५)

चुरी राम्रा लगाइदिए चीसा साँप झैँ रेशमी नाडीमा,
तिनले हेरिन् हरिया बाँस आगो बल्ने वेदीका हारीमा।
बाटिदिए नागबेली चुल्ठो ऐना यौटा अगाडि राखेर,
तिनले हेरिन् सबैको मुखमा छाया आफ्ना आँखामा झारेर।
काठकी झैँ पुतली भइन् झिलमिल गहना लाएर,
झारीलाई छाडेर आधा करमकी भुरुङ झैँ भएर।
कस्ती राम्री पहेँली भन्थे सुनका पाटा पिटे झैँ रोगन,
अरूलाई हरियो रिमझिम! उनी देख्थिन् पहेँला पात,
मुर्दा रङ्गको तुषारे जीवन!

(६)

कठैबरा! कस्तो भो तिनलाई रङ्गबिरङ्गे गहना लाएर,
जस्तो होला पुतलीलाई जल्दो बत्ती नजिकै आएर।
पोशाक थियो बैँसको रिमझिम वसन्तको पुतली सिँगार,
तर सबै आगा भै पोल्थ्यो कलेजालाई पारेर अँगार।
राता, नीला, पहेँला ज्वाला बन्न गए रङ्गरङ्ग लुगाका;
आफू देख्थिन् चिताको मुर्दा, ज्वाला गलासम्मन् नै पुगेका।
आँसु आफ्ना बगेको खोला रुँदै रुँदै पहाड पारीमा,
त्यस खोला किनारमाथि आफ्नै दाह ज्वालामा सारीमा।

(७)

गोरेलाई सम्झिने गाँठो मुटुदेखि गलातक कसेर,

बिहा भन्ने डरलाग्दो काल कालो साँप झैँ आउँथ्यो डसेर।
जसो गरी वर्षाकी देवी झर्न पनि नसकी बरर,
छातीभित्र बिजुली साँपले डसिएर अँध्यारी बन्छिन्
प्राण छोडी शीताम्मे हरर!

(८)

कठैबरा! को देख्ने तिम्रो हृदयको कमल रुलाई!
सोला हानी भन्दथ्यो मुटु,
आँसु पिई घुटु र घुटु–
बुझ्छ हरे! को आज मलाई?

(९)

पृथ्वीभित्र घुसेको झर्ना पहाडका आँसुमा जन्मेर,
अँधेरीमा रोएर हिँड्थ्यौ भित्रैभित्र नसुन्ने गरेर,
निसास्सेकी हे दुःखी! जल कसले देख्ने त्यो दुःख गम्भीर?

(१०)

नवी कवि गिज्याउने संसार चारैतिर हाँसेर हिँड्दो छ,
समयले जीवनका आशा निमेषका तरबारले गिँड्दो छ।
सच्चा दिलको दुश्मनी गर्ने अमर भावका सधैँको वैरले,
रित्तो रङ्गको संसारमा आज नटेकूँ भैँ भन्दछ पयरले।

(११)

पोल्टा हाम्रा आँसुका आँसु जीवन हाम्रो आँखाको कहानी,
झर्ना छाँगा माइती कठै! पुतलीको पखेटा जवानी।
फूलका मुटु नशाका भित्र, आशा हाम्रा काँठामा बूँद पानी,

कठै! हामी अर्पेका फूल विरहले वैलाई झारिने,
संसारका हावाले हुन्छन्! सुगन्ध नै म कहिल्यै मारिने।
छातीतल भरेको जल हामीलाई सधैँको शीतल,
रुनु हाम्रो करमको रेखा नभै भाका टाकेर जलजल।
हामी थोरै दिनका बत्ती आशा गरी वैलाउन जन्माई,
पृथिवीमा रोएर कठै! काल आई लैजान्छ अन्माई।

(१२)

संसार हेर! झूटको अनुहार झूटोपनको रित्तो छ झिलमिली,
यसका मुखमा खोक्रा छन् हाँसो मुटुभित्र चिन्ताका झिलमिली!
अमर भाव लैजाने पर यसमा आँसु बनेर रुँदा छन्;
वसन्तमा हेर न यसका मृत्युजस्ता तुषारा छुँदा छन्!

(१३)

बोले दर्द बन्दथ्यो खोला एक युग संसारै रुलाई,
पहाड पाली बोलाउँदै सागर हिँड्थे जल भै रोएर बहुलाई।
तारा झर्थे फूलका उरमा आँखा बन्थे संसारका रसीला,
तर तिम्रा विरह जम्छन् हिमालचुली उपरका जल झैँ,
उचाइमा सफाइ पाई बिहान पर्खिरहे झैँ रातमा।
युग युगलाई गरेर हरिया झर्ना बनी झरेर जानलाई?

(१४)

तिमीलाई सिँगार्छन् सती परीक्षालाई चुल्ठोले डसाई,
खरानीले सिँगारी मुख, अमर भावलाई हँस्सीले हँसाई।
राता, नीला, पहेँला रङ्ग ज्वालाजस्तो पोशाक लगाई,
हरिया छन् आजका बाँस वेदीमाथि चितालाई जगाई।

धिमी हेर्थ्यो नेपाल पारी सिंह जस्तो वीरको मुहार,
विशी जल संसार पिउँला मनग्गे हे नेपालकी जुहार !

# बिहाको दिनको घटना (ख)

(१)

घण्टी बजे फूलका घण्टी चाँदी स्वरले जलका नाला झैँ,
बैकुण्ठका फूलका घण्टी स्वर लहर चलेर नाला झैँ।
साँझ ओर्लिन् गजूरी पिँडा गुलाफमाथि टेकेर स्वर्गका,
सुनको ढोका खोलेर पश्चिम वारितिर अप्सरा वर्गका।
बादल फूलका रङ्गीला झुप्पा नेपाल झुकी गर्दथे इशारा,
पहाडहरू श्रीपेचवाला अमर भावका झल्काउँथे तुषारा।
सूर्य बनी सुनका गोला अस्ताचलमा बसेर बोलाउँथे,
त्रिशूलीका दक्षिणी लहर सागरतिर जाऊँ भनी बोलाउँथे।
किन बस्छेस् कुञ्जिनी हरे! भनी हाँस्दा मुखले गिज्याउँथे,
पूर्वतिर गुराँसे बादल रुनुपर्ला भनेर सम्झाउँथे,
संसार भन्थ्यो 'फुकूँ कि निभूँ!' अमर भावमा मर्त्यको कमजोरी!
त्यसै बेला आकाशले भन्यो, 'तारा बन साँझकी सबेरी'
कता कता झलक्क झल्क्यो गोरे राहुत उज्यालो मूरति,
तिनले देखिन् झलक्क कृष्ण राधासँग भुलेको पीरति,
के के मीठो वंशी झैँ बज्यो अनकन्टार अन्तरकुन्तरमा,
कहिले झिल्के झिलिक्क तारा,
कहिले फूलफूल भरेर मन्दिरमा।
आफूलाई बोलाएजस्तो के के मीठो काने र खुशी भई,

अरू लागे दुलहा हेर्न उनी उठिन् साँझकी बहिनी झैँ।

(२)

गुलाफ गुलाफ बिछाइदिए अप्सराले साँझका सँगिनी,
शीत जस्ता स्वर्गका दाना शीतल गरी हावामा बालिए।
कन्याङकुरुङ्हरूका भुवा रङ्गाएर सुनौला रङ्गमा,
आकाशले पोशाक ल्यायो पश्चिमको शिखरमा तङ्गीन।
लहर लहर घर फिर्ने चरा माला माला फूलरङ्गी भै आए,
नदेखिने मसीना हातले नरमसित उनलाई दौडाए।

(३)

शिरदेखि पयरसम्म गहना र पोशाक लाएकी,
सबै आँखा छलेर दगुरिन् अमर भावको स्वर्ग धाएकी।
त्रिशूलीका डीलमा दरबार गुलाफबारी भएको झल्कियो,
गोरेलाई झलक्क देखिन् फूलथुँगे शरीर मिल्कियो।

(४)

त्रिशूलीमाथि खँगारे भीर झिल्टुङको पहाडको चोइटामा,
त्रिकोण परी झरेको पहाड कहानीले लैजाने चोइटामा।
कोल्पू नदी त्रिशूलीसाथ भेट गर्ने गहीरो खाडीमा,
आँप लिच्ची बगैँचा बारी नाङ्गो अग्लो पूर्वको चोइटामा।
तीन बाँस अग्लो छ ठाउँ दुवैतरफ जङ्गल झम्म छ,
त्यसमनि भुँवरी ठूलो फनफन घुमेर जम्दछ।
बाघ त्यहाँ चढ्दैन भन्छन् ठाडै सोझो खँगारे भीरमा,
माथिबाट नहेर्नु तल झन्छन् त्यहाँ कहाली तीरमा।

बसिलाले ताछेको जस्तो घाउ लागेको पहाड छाती छ,
त्यस भीरको त्यो ठाडी छाती तलतिर गहीरो राती छ।

# बिहाको दिनको घटना (ग)

(१)

सिन्धु यसो फर्केर हेर्दा कुञ्जिनीलाई झरीमा देखिछन्,
झट्टपट्ट उठेर दगुरिन् ताइताप्के तेलको पोखिछन्।
पोल्थ्यो किन पयरमा कठै! कुञ्जिनीको दशा त्यो देखेर,
'लौन! लौन!' चिच्च्याई दगुरिन् काँढा, ढुङ्गा दुवैमा टेकेर।

(२)

तर आयो आभ्वाङ्ग आवाज बिजुली झैँ झिलिक्क गरेर,
छाती पिटी लडिन् है सिन्धु विरहको त्रिशूली परेर।

(३)

'लौन! लौन! कुञ्जिनी कुदिन्! कुदिन् मेरी कलेजा कुञ्जिनी,
त्रिशूलीमा कलेजा मेरी हाम्फालिन् नि! लौन नि कुञ्जिनी!
गुहार बाबा गुहार गुहार!' आँखा फुस्रा लगाइन् सिन्धुले,
आए सारा दगुर्दै त्यहाँ किन चिच्च्याई भनेर सिन्धुले।

(४)

यौटा थियो नजिकको घाँसी देख्ने सारा वृत्तान्त सुनायो,
कोही तल फेदीमा झरे कोही भीरमा बसेर चिच्च्यायो।

डुङ्गा ल्याए मल्लाहहरूले पौडी खेल्ने पानीमा हाम्फाले,
सागरमा डुबेकी रतन भेट्न सक्ने कुनचाहिँ नि जोधाले!

(५)

ठालुसिङ्ले कपाल लुछ्यो लडी-बुडी खेलेर धूलोमा,
कोकोहोलो मच्चियो ठूलो कोही झरे त्रिशूली-पूलमा।

# बिहाको दिनको घटना (घ)

(१)

जन्ती फर्के आजलाई घर बिग्रिजाला गजूरी रतेली,
हृदयलाई नबुझे बाबू ! काँसका केश बगाऊ उखेली !

(२)

आज कसार लडेर मर्लान् खालान् आज बिराला दन्यौरा !
आज आई छुचुन्द्रा चाट्लान् दही भरी राखेका कचौरा !
बल मिची गरेको बिहा आज सबै हत्याका हत्यारा !
घर जाओ रोएर सबै ! झूटालाई गरिनन् पत्यार !
उडी गइन् विरही चरी बेलफाँसी काराकी छुट्कारा !
तर रुन्छिन् सानीमा सिन्धु–
सिन्धु जसलाई दिल खोली गइथिन् !

'कठै ! मेरी गयौ नि बाबा ! मेरी छोरी कुञ्जिनी अपारकी !
प्यारी मेरी कलेजाभन्दा जुहार यौटी गयौ नि संसारकी,
कठै ! तिम्रो दुखेको दिल कठै ! तिम्रा जलका लोचन,
सम्झी सम्झी फुट्दछ छाती तिम्रो मीठो बोली र वचन !
अप्सरा झैं संसारमा झरी सधैंभरि झरीकी झरी झैं,
दिलकी त छौ भोकाकी भोकै ! गयौ हरे न हाम्लाई सुनेझैं,

अब केले कलेजा थामूँ! अब केले बुझाऊँ यो मन,
तिमी थियौ पहाडकी फूल झैँ, तिम्रो थियो रङ्गीलो जीवन,
तिम्रो डाह म बुझ्थेँ कठै! जलभरी लमकोसे आँखाकी।
तिमीलाई दिएनन् सुक्ख! पाइनौ नि संसारमा रहन,
वनकी रानी बनाउँला भन्थेँ डाँफे गीत आकाशमा गएर
पीरतिको वनफूल माला लगाइदिउँला म भन्थेँ ल्याएर!
तर हरे! करमको गति, संसारको निठ्ठुर भुँवरीमा!
कसले सक्यो बचाउन हरे! परी जस्ती पहाडका शिखरमा,
फर्की आऊ न कुञ्जिनी छोरी! तिम्लाई जल के चिसो लागेन?
फर्की आऊन कुञ्जिनी मेरी! सेते फर्क्यो तिमीलाई मागेन।
तिमी आए गलामा गला छाती पोखी रोएर घनन,
कुरा यस्तो बिहाको फेरि गर्ने कल्दी थिएनौँ भन न।
तर तिम्री अप्सरे छाया पृथिवीमा रोएर गयौ नि,
हामी आज टुहुरा जस्ता बत्ती निभी बसेझैँ बन्यौं नि!'
सिन्धुलाई गलामा आई आँसु-भलको घुँक्काले समायो,
ओठलाई फर्फर पारी आँखा सलसल बधाली रुलायो।

झूटा बाबु रोएर बस्थे खानपीन छाडेर पटक्क,
कलेजाकी टुक्रा झैँ छोरी दैव आई चुँडेर चटक्क।
मूर्ख थिए छोरीका स्नेही बाहिरका धनलाई सुख चिन्ने,
अब बुझे बूढाले संसार कैला केश भएर सब सुन्ने।

तर गर्छन् कुञ्जिनी पारि साँझ शिखर गुलाफ बारीमा,
जहाँ कुन्दन सुनका फूल अमर भावका झिलमिल बारीमा,
नेपालकी पहाडकी रानी हिमाल दरबार उज्यालो पारेर,
दिनको एक बार स्वर्गको ढोका उघारेर उज्यालो पारेर,

तिनी आउँछिन् सपने बाटो पतिव्रता नारीका आँखामा ।

कोल्पूतीरमा अझै छ रूख, हाँगा जसका फूलझुप्पे बन्दछन्,
त्यहाँ राति देखिन्छन् छाया एक जोडी सबैले भन्दछन् ।
झिल्टुङ्तिर अझै यो कथा पीप्पलमनि बसेर भन्दछन् !